२०२६

# नीतिगत सुझाव

## हिउँ चितुवा पाइने देशका सरकारहरूमा प्रस्तुत

नम्बर १३: हिँउ चितुवाको वासस्थानमा दिगो अर्थतन्त्र र जैविक विविधता संरक्षण
नम्बर १५: वन्यजन्तुबाट हुने क्षतिको द्वन्द्व व्यवस्थापन
नम्बर १६: पारिस्थितिक प्रणाली सेवा र प्रकृतिको योगदानको मूल्याङ्कन
नम्बर १७: सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनको महत्त्व



# विषय-सूची

नीतिगत सुझाव नम्बर १३ (अद्यावधिक संस्करण): हिँउ चितुवाको वासस्थानमा दिगो अर्थतन्त्र र जैविक विविधता संरक्षण (अक्टुबर २३, २०२२ मा जारी गरिएको) .....4

- परिचय .....5
- विकासका लागि संरक्षण खाका .....7
- विकासका लागि संरक्षण खाका पाँच स्तम्भ निम्न छन् .....9
- संरक्षणको क्षेत्रमा समुदायमा आधारित उद्यमहरू .....16
- सञ्चालन .....20

नीतिगत सुझाव नम्बर १५: वन्यजन्तुबाट हुने क्षतिको द्वन्द्व व्यवस्थापन .....22

- परिचय र शब्दावली .....23
- सहअस्तित्वको खाकाको महत्त्व .....25
- मुख्य सिद्धान्त र कार्यान्वयन पक्ष .....26
- संस्थागत चुनौतीहरू पार गदै .....28

नीतिगत सुझाव नम्बर १६: पारिस्थितिक प्रणाली सेवा र प्रकृतिको योगदानको मूल्याङ्कन .....29

- परिचय र शब्दावली .....30
- पारिस्थितिक प्रणाली सेवाको मूल्यको खाका .....32
- मुख्य सिद्धान्तहरू र कार्यान्वयन विधिहरू .....34
- द्वन्द्व न्यूनीकरण गर्न संस्थागत चुनौतीहरूको सामना .....36
- उदाउँदो खाका र आलोचनाको सम्बोधन .....38

# विषय-सूची

नीतिगत सुझाव नम्बर १७: संरक्षणका क्षेत्रमा सहभागितामूलक अनुगमन र मूल्याङ्कन ........ 41


- परिचय र उद्देश्य ........ 42
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनको महत्त्व ........ 44
- मुख्य सिद्धान्तहरू ........ 46
- अनुगमन तथा मूल्याङ्कनको अभ्यास ........ 48
- संस्थागत चुनौतीहरूको सामना ........ 50

नीतिगत सुझाव तयारीमा योगदान गर्नेहरुको सूची वर्णानुक्रम अनुसार ........ 52

नीतिगत सुझाव नम्बर १३ (अद्यावधिक संस्करण):

# हिँउ चितुवाको वासस्थानमा दिगो अर्थतन्त्र र जैविक विविधता संरक्षण

(अक्टुबर २३, २०२२ मा जारी गरिएको)



# परिचय

विश्वभरि प्राकृतिक बासस्थानको विशाल भागको निरन्तर क्षति र रूपान्तरण, स्थल र समुद्रहरूमा जंगली बोटबिरुवा र जनावरहरूको अत्यधिक दोहन, प्रदूषण, जलवायु परिवर्तनका असरहरूको परिणामस्वरूप पारिस्थितिक प्रणालीको ह्रासले यस ग्रहको वातावरणीय संकट र प्रजातिहरूको सामूहिक विनास निम्त्याएको छ (दासगुप्ता २०२१)। यी परिवर्तनको मुख्य कारक विकासका प्रमुख नमुना हुन्, जसले वातावरणीय व्ययका आधारमा आर्थिक वृद्धिलाई प्राथमिकता दिन्छ। यी परिवर्तनहरूलाई रोक्नको लागि जैविक विविधताको संरक्षण गर्दै आर्थिक विकासलाई प्रवर्द्धन गर्ने दृष्टिकोणको आवश्यकता टड्कारो भएको छ। यस नीति पत्रले हिउँ चितुवाको वासस्थानलक्षित यस्तो विकास खाकालाई प्रस्तावित गरेको छ जुन सामान्यतया बहुप्रयोगका क्षेत्रहरू हुन् र ती क्षेत्रले सामाजिक पारिस्थितिक विस्केक प्रणालीहरूको प्रतिनिधित्व गरेको छ।



सन् २०१७ मा, किर्गिज सरकारले राष्ट्रपतिको नेतृत्वमा विस्केकमा हिउँ चितुवा र पारिस्थितिक प्रणाली संरक्षणको लागि दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना धगरेको थियो ।

यस सम्मेलनको एक भागको रूपमा, हिउँ चितुवा पाइने देशहरूमा लगानीको वातावरण प्रदर्शन गर्न र निजी क्षेत्रलाई पारिस्थितिक रूपमा दिगो र गैरविनाशकारी क्षेत्रहरूमा लगानीका अवसरहरूमा केन्द्रित हुन हरित लगानी मञ्चको आयोजना गरिएको थियो । यस मञ्चले हिउँ चितुवाको वासस्थानमा केन्द्रित संरक्षण अभियानमा लगानी भित्र्याउने अवसर प्रस्तुत गऱ्यो जसले स्थल संरक्षणलाई सहयोग पुऱ्याई वासस्थान विनासका काम हुनबाट रोक्छ । साथै यस अवसरमा आर्थिक विकासका लागि संरक्षणलाई प्राथमिकता दिने विकास खाकाको आवश्यकतामाथि पनि जोड दिइयो । चितुवा पाइने १२ देशहरूले संयुक्त रूपमा जारी गरेको विस्केक घोषणापत्र, २०१७ ले पारिस्थितिकीय प्रणाली सेवाहरूको आर्थिक मूल्यांकन गर्ने प्रयास गर्दै हरित लगानीलाई प्रोत्साहित गर्ने र हरित पूर्वाधारलाई मूलप्रवाहीकरण गर्ने आवश्यकता पहिचान गऱ्यो । यसको साथै हरित लगानी मञ्च, २०१७ को सुझावको अनुसरण गर्दै नीतिगत व्यवस्था गर्न मार्गदर्शक रूपरेखा प्रदान गरियो ।

# विकासका लागि संरक्षण खाका

संरक्षण र बहिष्कार तथा आर्थिक विकासद्वारा सञ्चालित विश्वव्यापी संरक्षण प्रयासहरू उपभोक्तावाद र प्रचुरताको अर्थतन्त्रहरूद्वारा सञ्चालित छन्, जुन एकअर्काको लागि नकारात्मक परिणामहरू सहितको परस्पर विरोधी सम्बन्धमा अल्झिएका छन् (Folke 2006)। यसै सन्दर्भमा विश्वव्यापी विकासको लागि वैकल्पिक दृष्टिकोणले मानवतालाई दिगो ग्रह ढाँचामा अघि बढ्न मद्दत गर्ने सम्भावना राख्नुका साथै अर्थतन्त्रलाई पारिस्थितिकीसँग समन्वय पनि गर्दछ।

यस नीति पत्रले जैविक विविधताको संरक्षण र पारिस्थितिक प्रणाली सेवाहरूको दिगो प्रयोगमा निर्मित आर्थिक विकासको खाका प्रस्तुत गर्दछ। जसले प्राकृतिक स्रोतहरूको संकलनमा दिगोपन र ग्रहका सीमाहरूभित्र रहने सुनिश्चित गर्न सक्छ (Steffan et al. 2015)। वृद्धिलाई बढावा दिने अर्थतन्त्रको साटो यसले भने मूल्यलाई प्रधानता दिन्छ, जहाँ स्थानीय पारिस्थितिक प्रणाली, संस्कृति, पारिस्थितिकी सेवाहरूको दिगो प्रयोग र जैविक विविधता संरक्षणमा प्रभावकारी योगदानको माध्यमबाट मल्यवान् वस्तु तथा सेवा प्राप्त गर्न सकिन्छ।

विकासका लागि संरक्षण दृष्टिकोणको खाकाले जैविक विविधता र पारिस्थितिक प्रणाली सेवाहरूको संरक्षण र दिगो प्रयोगमा निर्भर गर्ने रूपान्तरणकारी, स्थान विशेष लक्षित विकास नमुना सिर्जना गर्नु हो (चित्र १)।

चित्र १: संरक्षण-विकास खाकाका लागि परिवर्तनको सिद्धान्त



स्थान विशेष र सम्बन्धित सन्दर्भहरूमा लक्षित भएको हुन्छ र यो जैविक विविधता, संस्कृति र आर्थिक कल्याणको रक्षा गर्न निर्मित पाँच मुख्य स्तम्भहरूमा आधारित छ । ती पाँच मुख्य स्तम्भहरू निम्न छन्:

१. स्थान विषेश लक्षित प्रष्ट संरक्षण खाका
२. पारिस्थितिक प्रणाली सेवाहरूमा केन्द्रित
३. दिगो मूल्य उद्यम खाका
४. सामाजिक-आर्थिक समावेशीकरण
५. व्यापक साझेदारी


यस दृष्टिकोणबाट छोटो र दीर्घकालीन परिणामहरू प्राप्त गर्ने परिकल्पना गर्न सकिन्छ । अल्पकालीन परिणामहरू राजनीतिक समर्थन प्राप्त गर्न लाभदायक हुनुका साथै विकासका लागि संरक्षण दृष्टिकोण लक्षित स्रोत र ज्ञान हस्तान्तरणका लागि लगानीकर्ताहरूलाई आकर्षित गर्न; र स्थानीय समुदाय र उद्यमीहरूलाई सहभागी गराउँदै स्वामित्व लिन उत्प्रेरित र समर्थन हुनेछ । सरकारी सहयोग, विश्वव्यापी लगानीकर्ताहरू र स्थानीय साझेदारहरूले चासोका क्षेत्रमा आर्थिक विकास र उन्नत मानव कल्याण सुनिश्चित गर्दै जैविक विविधता संरक्षणको दीर्घकालीन प्रभाव निम्त्याउन सक्छ ।

# विकासका लागि संरक्षण खाका पाँच स्तम्भ निम्न छन्:

## १. स्थान-विशेष लक्षित संरक्षण संरचना

विकासका लागि संरक्षण खाकामा संरक्षण योजना सञ्चालन गरिने क्षेत्रलाई एक विशेष पारिस्थितिक क्षेत्रको रूपमा तोकिन्छ र जैविक विविधताको मूल्य, पारिस्थितिकीय प्रणाली सेवाको अवस्था र वितरण, भूमि अधिकार र वर्तमान मानवीय उपयोगको आधारमा नक्सांकन गरिन्छ। स्थानीय समुदाय, सम्बन्धित सरकारी निकाय र अन्य सरोकारवालाहरूसँगको साझेदारीमा, यस खाकालाई तीनदेखि चार क्षेत्रहरूमा वर्गीकृत गरिन्छ, जुन संरक्षित क्षेत्रको सिमांकन गर्ने तरिकासँग मिल्दोजुल्दो हुन्छ (चित्र २)। अवस्था अनुसार, महत्वपूर्ण वन्यजन्तु क्षेत्र र पारिस्थितिकीय प्रणाली सेवा मौज्दात रहेको क्षेत्रलाई एउटै श्रेणीमा एकीकृत गर्न सकिन्छ। आर्थिक वृद्धिका लक्ष्य हासिल गर्दै जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा खुद लाभ सुनिश्चित गर्न क्षेत्र विशेष न्यूनीकरण क्रम तयार गरिएको छ।

चित्र २: विकासका लागि संरक्षण खाका अन्तर्गत विशेष पारिस्थितिक क्षेत्रहरूको न्यूनीकरण क्रम र क्षेत्रीय नक्सांकन ।



महत्वपूर्ण वन्यजन्तु क्षेत्र (बच्ने/जोगिने)

पारिस्थितिकीय सेवा मौज्दात क्षेत्र (न्यूनीकरण)

पारिस्थितिकीय प्रणाली सेवा फसल क्षेत्र (पुन:स्थापना)

आर्थिक विकास क्षेत्र (अफसेट)

## महत्वपूर्ण वन्यजन्तु क्षेत्र

- प्राथमिकताः जैविक विविधता र वन्यजन्तु संरक्षण
- न्यूनीकरण क्रमः जोगिने/बच्ने उपाय
- कुनै पनि स्थायी पूर्वाधार वा बसोबास नभएका
- अनुसन्धान, अनुगमन र सुरक्षा
- नियमित भ्रमण, अनुसन्धानका लागि अस्थायी क्याम्पिङ
- आवश्यक परेमा अति न्यून पशुपालन चरिचरन
- दीर्घकालमा वन्यजन्तुको संख्या (Nc) लाई वहन क्षमता (K) मा कायम राख्ने, जहाँ जन्म दर (bc) मृत्यु दर (mc) भन्दा बढी होस् र बसाइँसराइ गरि जाने दर (ec) भित्रिने दर (ic) भन्दा निकै उच्च होस् ताकि ‘अधिक संख्या’ को प्रभाव सम्भव होस्:

  - $Nc \approx K$,

  - $bc > mc$,

  - $ec \gg I$

## पारिस्थितिकीय सेवा मौज्दात क्षेत्र

- प्राथमिकताः वन, वासस्थान र पारिस्थितिकीय प्रणाली सेवा संरक्षण
- न्यूनीकरण क्रमः जोगिने/बच्ने उपाय/न्यूनीकरण
- ह्रास वा प्रदूषणजन्य गतिविधि नगर्ने
- पारिस्थितिकीय प्रणाली सेवा मौज्दातको पहिचान र संरक्षण;
- तल्लो तटीय समुदायमा पारिस्थितिकीय प्रणाली सेवाको प्रवाह सुनिश्चित गर्ने
- अनुसन्धान, अनुगमन र संरक्षण
- दिगो, ऊर्जा प्रभावशाली पूर्वाधार
- दीर्घकालमा वन्यजन्तुको संख्या (N_es) लाई वहन क्षमता (K) को नजिक कायम राख्ने, जहाँ जन्म दर (b_es) मृत्यु दर (mes) भन्दा बढी होस् र बाहिरिने दर (ees) भित्रिने दर (ies) भन्दा बढी होस्: - $Nes \approx K$, - $bes > mes$, $ees > yes$.

## पारिस्थितिकीय प्रणाली सेवा उपयोग क्षेत्र

- प्राथमिकताः मानवीय हितका लागि पारिस्थितिकीय प्रणाली सेवाको उपयोग
- न्यूनीकरण क्रमः न्यूनीकरण/पुनर्स्थापना
- पशुपालन चरिचरन, माहुरीपालन, अन्य पारिस्थितिकीय सेवाहरू जस्तै सफा पानी आदिको दिगो संरक्षण ।
- अनुसन्धान, अनुगमन र संरक्षण।

- जीविकोपार्जनका उपाय अपनाउँदा न्यून प्रभाव पार्ने पूर्वाधार ।
- वाञ्छित वन्यजन्तु संख्या (N_eh) को अनुमान गर्ने, जुन संरक्षण र सेवा उपयोगको सन्तुलनमा आधारित हुनेछ र जनसंख्या सोही स्तरमा कायम रहने सुनिश्चित गर्नेः –N_eh = K – f (H), –beh + ieh ≥ meh _ eeh, – जहाँ f (h) एक कार्यमूलक भइ उपयोगको स्वीकार्य स्तरको कारण वन्यजन्तु संख्या वहन क्षमता भन्दा कम हुन्छ ।

## आर्थिक विकास क्षेत्र

- प्राथमिकताः औद्योगिक र कृषि उत्पादन
- न्यूनीकरण क्रमः तोकिएको स्थान बाहेकका ठाउँमा कृषि प्रशोधन र अन्य उद्योग, विशेष आर्थिक क्षेत्रहरू ।


क्षेत्रगत, उपयोग र न्यूनीकरण क्रमको यस खाकालाई संरक्षण प्रयास र भूमि उपयोग योजनाको आधारको रूपमा लिन सकिन्छ । उदाहरणका लागि, महत्वपूर्ण वन्यजन्तु क्षेत्र र पारिस्थितिकीय सेवा मौज्दात क्षेत्रले संयुक्त रुपमा प्रभावकारी संरक्षित क्षेत्रको उद्देश्य पुरा गर्दछन् ।

पारिस्थितिकीय सेवा उपयोग क्षेत्रले प्राकृतिक स्रोतहरूको दिगो प्रयोगको (जस्तैः चरिचरन, सिँचाइ, घरायसी पानी, जडिबुटी, पर्या-पर्यटन) अनुमति दिन्छ, जबकि आर्थिक विकास क्षेत्र भने पूर्वाधार, उत्पादन, आवास र अन्य व्यावसायिक आवश्यकताहरूमा केन्द्रित हुन्छ । यस क्षेत्रमा स्थापना भएका सबै उद्यमहरूले दिगोपनका अन्य मापदण्ड पूरा गर्नुका साथै संरक्षण र सेवा संरचनाको पालना गर्नुपर्छ । विद्यमान भूमि उपयोग प्रणालीहरूका विपरित यस खाकामा विभिन्न क्षेत्र र गतिविधिहरू समावेश भएका हुन्छन् र एकअर्काका लागि स्रोत संकलन क्षेत्रको रूपमा काम गर्छन् ।

## २. पारिस्थितिकीय प्रणाली सेवा केन्द्रित

विकासका लागि संरक्षण खाकामा लक्षित भू-अवस्थाहरूलाई केवल आर्थिक वृद्धिको उत्तोलक वा सेवाको स्रोतको रूपमा मात्र नहेरी तिनीहरूलाई जैविक विविधताको संवेदशील संरक्षणका लागि मात्रै सीमित क्षेत्रको रूपमा लिइएको हुन्छ। तिनीहरूलाई सम्बन्धित सामाजिक-पारिस्थितिक प्रणालीको रूपमा हेरिन्छ जहाँ जैविक विविधता र सेवाको विद्यमान अवस्था सुरक्षित हुनुपर्छ र सेवाको प्रवाह मानव कल्याण र आर्थिक वृद्धिको लागि दिगो रूपमा प्रयोग गरिनुपर्छ (चित्र ३)।

यस खाकामा समावेश भएका तत्वहरुलाई क्रमबद्ध रुपमा यसरी वर्णन गर्न सकिन्छ: (i) समाज र भूमि अधिकारको व्यापक बुझाइ विकास गर्ने र परिदृश्यको सेवाहरूको आर्थिक र सामाजिक-सांस्कृतिक मूल्यांकन र नक्सांकन गर्ने, (ii) जैविक विविधता संरक्षण गर्दै सेवाहरूको प्रयोगलाई हितकारी ढंगमा कार्यान्वयन गर्ने व्यवस्थापन प्रणाली निर्माण गर्ने, जसले मानिसहरूका पवित्र स्थलहरूको पहिचान र रक्षा गर्छ, सामाजिक कल्याणलाई बढावा दिन्छ, र प्रणालीको उत्थानशीलता बढाउँछ, (iii) नियमनकारी र व्यवस्थापन निकायहरूद्वारा निर्देशित दिगोपन र प्रमाणीकरण प्रणालीहरू पालना गर्ने उद्यम स्थापना गर्ने।

| भैगोलिक क्षेत्र | पारिस्थितिक प्रणाली सेवा | मानव कल्याण |
|---|---|---|
|  | पशुपालनको लागि घाँसपात | व्यक्तिगत सुरक्षा |
| | खेतीका लागि पानी | स्रोतको पहुँचमा सुरक्षा |
| | स्वच्छ पानी र हावा | आजीविकको पर्याप्त आधार |
| | परागसेचन | पोषणयुक्त खाना |
| | प्राकृतिक प्रकोप र विपत्तिबाट सुरक्षा | उन्नत स्वास्थ्य |
| | पवित्र स्थल | उन्नत सामाजिक सम्बन्ध |
| | परिचय | छनोट र कार्यको स्वतन्त्रता |



चित्र ३: विकास संरक्षण खाकाको प्रतिनिधित्वमा आधारित पारिस्थितिक प्रणाली सेवाहरू, आर्थिक विकास क्षेत्र, पारिस्थितिक प्रणाली सेवाहरू फसल क्षेत्र, पारिस्थितिक प्रणाली सेवाहरू स्टक क्षेत्र, महत्वपूर्ण वन्यजन्तु क्षेत्र।

## ३. दिगो मूल्य उद्यम खाका

यस दृष्टिकोणको केन्द्रमा पारिस्थितिक रूपमा दिगो व्यावसायिक उद्यमहरू हुनेछन् जसले परिमाण भन्दा मूल्यलाई प्राथमिकता दिन्छन् । उदाहरणका लागि, कृषिमा स्थानीय परम्परागत शक्तिलाई नवीन प्रविधिहरूसँग जोडेर जैविक र वातावरणमैत्री उत्पादनहरू (तरकारी, फलफूल, फाइबरदेखि प्रशोधित वस्तुहरू सम्म) विकास गर्न सकिन्छ (Fernandez et al. 2013) । यी उत्पादनहरूले विश्वव्यापी र क्षेत्रीय बजारका सचेत उपभोक्ताहरूमाझ पहुँच बनाउन सक्छन् (Rahmaniah et al. 2020) ।

पशुधनको व्यवस्थापनमा स्थानीय अनुभवलाई मासु वा दुग्धजन्य पदार्थको प्याकिङ, भण्डारण र ढुवानी प्रविधिसँग संयोजन गर्दा यसले औद्योगिक स्तरको पशु उत्पादनको विकल्प उपलब्ध गराउँछ र उन्नत उत्पादन गर्ने विशेष व्यवसाय विकास गर्ने सम्भावना बढाउँछ (Howe et al. 2018) । यसका लागि उद्योग विशेष केन्द्रित सीप, दिगो वैज्ञानिक आधारको सम्मान र सामान्य प्राविधिक ज्ञान र व्यवसाय व्यवस्थापन क्षमतालगायतका आवश्यकतासहित सबल जनशक्तिको विकास गर्नुपर्ने आवश्यकता हुनेछ । यी विषयहरूमा तालिम प्रदान गर्न स्थापित उद्यमहरूले अर्थतन्त्रको एक महत्वपूर्ण तत्वको रुपमा योगदान दिन सक्छन्, जसले स्थानीय समुदायहरूको मूल्य अभिवृद्धि हुने अवसर पनि पाउँछ ।

## ४. सामाजिक-आर्थिक समानता

यस विकासका लागि संरक्षण खाकाले सामाजिक, आर्थिक, राजनीतिक र पारिस्थितिक मुद्दाहरू अन्तरसम्बन्धित छन् भन्ने कुरालाई स्वीकार गर्छ । सामाजिक-आर्थिक असमानताले बढ्दो वातावरणीय ह्रासलाई अझ बढाउन सक्छ । यस दृष्टिकोणमा स्थानीय समाजका विभिन्न वर्गहरू, विभिन्न सामाजिक अवरोधहरू र शक्ति संरचना र अन्य सान्दर्भिक सरोकारवालाहरूलाई समावेश गर्नु महत्वपूर्ण हुन्छ । स्थानीय उद्यमीहरूलाई मूल्य केन्द्रित व्यवसाय सिर्जना गर्न सहयोग र प्रोत्साहन गरिन्छ जसले नाफा आर्जन गर्नुका साथै रोजगारी वा तालिममार्फत स्थानीय समुदायका सदस्यहरूको ठूलो अनुपातलाई लाभ पुऱ्याउँछ ।

## ५. व्यापक साझेदारी

अर्थतन्त्रको लागि विशेषज्ञ र संस्थाहरूको अन्तर्राष्ट्रिय सञ्जालको सहभागिता महत्वपूर्ण छ। बढ्दो विश्वव्यापीकरण भएको संसारमा, विश्वको एक भागमा विकसित प्रविधिहरूको अर्को भागका व्यवसायहरूमा स्थानान्तरण र प्रयोगले प्रायः स्थानीय र विश्वव्यापी अर्थतन्त्रहरूको लागि सकारात्मक तालमेलमार्फत मूल्य उपलब्ध हुन सक्छ। स्थानीय उद्यमहरूले अन्य बजार वा क्षेत्रहरूमा विकसित माटो, पानी र बाली व्यवस्थापन, संरक्षण र तालिमका विशिष्ट प्रविधिहरूमा पहुँच कायम गरेर लाभ उठाउन सक्छन्।

विश्वव्यापी रूपमा अनुभवी कम्पनीहरूसँग पारस्परिक रूपमा लाभदायक व्यावसायिक साझेदारीले स्थानीय उद्यमीहरूलाई उन्नत व्यापार खाकाहरूको परिचय गराउँदै विश्वव्यापी र स्थानीय ग्राहकहरूको लागि अद्वितीय मूल्य प्रस्तावका अवसर सिर्जना गर्न मद्दत गर्न सक्छ।

उद्यमहरूको विकासको लागि वित्तीय लगानी अत्यन्तै महत्वपूर्ण हुनेछ। वितेका केही वर्ष आर्थिक विकासको लागि प्राकृतिक पारिस्थितिक प्रणालीहरूको संरक्षण गर्ने आवश्यकताले प्रेरित विश्वव्यापी संरक्षण वित्तपोषकहरूको समुदायमा उत्साहजनक वृद्धि भएको देखिएको छ। ऋण, पुँजी र अनुदान कोषसहित विभिन्न नवीन वित्तीय संयन्त्रको उपयोग गरिएको छ (Berghöfer et al. 2017)। यस्ता अवसरहरूले यस हरित अर्थतन्त्रको लगानी आवश्यकताहरू पूरा गर्न मद्दत गर्न सक्छन्। लगानीकर्ताहरूका यस समुदायमा उच्च-पुँजी-युक्त  व्यक्तिहरूदेखि फाउन्डेसन र सार्वभौम कोषहरूसम्म पर्दछन्।

# संरक्षणको क्षेत्रमा समुदायमा आधारित उद्यमहरू

'दिगो मूल्य उद्यम खाका' र 'सामाजिक आर्थिक समानता' का स्तम्भहरूलाई सञ्चालन गर्न, समुदायमा आधारित उद्यमहरूको स्थापना सर्वोपरि छ ।

## समुदायमा आधारित उद्यम के हुन् ?

उद्यम भनेको बजारको लागि वस्तुहरू उत्पादन गर्ने वा सेवाहरू प्रदान गर्ने काममा संलग्न संस्था हो जसले राजस्व र नाफा उत्पन्न गर्दछ । यस्ता उद्यमहरू आदिवासी वा स्थानीय समुदायद्वारा स्वामित्व लिई, उनीहरूकै व्यवस्थापनमा सञ्चालित भएका हुन्छन् । तिनीहरू स्थानीय आवश्यकताहरूलाई सम्बोधन गर्ने, स्थानीय प्राकृतिक स्रोतहरूको उपयोग गर्ने र सामाजिक, आर्थिक र वातावरणीय लाभहरूलाई बढावा दिने नाफा कमाउने वस्तुहरू र सेवाहरू उत्पादन गर्नमा केन्द्रित हुन्छन् । यस्ता उद्यमहरू केवल सामाजिक पहलहरू मात्र नभई दिगो जीविकोपार्जन सिर्जना गर्ने, आर्थिक आत्मनिर्भरता सुधार गर्ने र बजार विस्तारको सेवा दिने महत्वपूर्ण आर्थिक संयन्त्र हुन् ।

ऐतिहासिक रूपमा, यस्ता उद्यमहरू १९७० र १९८० को दशकमा माथिबाट-तल (टप-डाउन) विकास खाकाबाट सहभागितामूलक खाकामा परिवर्तित हुँदै विकास भएका हुन् । आज, तिनीहरू स्थानीय आर्थिक विकास, सामाजिक एकता र वातावरणीय दिगोपनका महत्वपूर्ण स्रोतका रुपमा स्थापित भएका छन्  ।

## संरक्षणमा सामुदायिक उद्यमको उदय

ऐतिहासिक रूपमा, संरक्षण प्रयासहरू माथि-बाट-तल (टप-डाउन) खाकामा आधातिर थिए, जसले गर्दा प्रायः समुदाय विस्थापनमा पर्ने वा सीमित स्रोतको पहुँचमा हुन्थ्यो, जसले गर्दा जटिल द्वन्द्व निम्तिने अवस्था आउँथ्यो । सन् १९९० को दशकसम्ममा, स्थानीय समुदायहरूसँगको साझेदारीमा संरक्षणलाई प्रवर्द्धन गर्न आवश्यक छ भन्ने कुराले व्यापक रूपमा मान्यता पाउन थाल्यो । यो नयाँ दृष्टिकोणले उद्यमहरूमार्फत समुदायहरूलाई आर्थिक रूपमा सशक्त बनाउने महत्वलाई मान्यता दियो ।

संरक्षणमा सामुदायिक उद्यमको उदय भएको विगत तीन दशकमा, यी संरक्षणकेन्द्रित व्यवसायहरूले 'तीन आधारभूत फलक'को खाकामा- प्रकृति संरक्षण, सामाजिक समानता र आर्थिक नाफालाई सन्तुलनमा राख्ने लक्ष्य राखेका छन् ।

## मुख्य विशेषताहरू:

- स्थानीय समुदायको स्वामित्वः स्वामित्व र निर्णय लिने शक्ति मुख्यतया समुदायभित्र निहित हुन्छ ।
- संरक्षण केन्द्रितः आर्थिक गतिविधिहरूलाई वातावरणीय संरक्षणसँग समरुप गराउने ।
- स्रोतहरूको दिगो प्रयोगः दीर्घकालीन पारिस्थितिक दिगोपन सुनिश्चित गर्ने ।
- आर्थिक सशक्तिकरण र समावेशीकरणः आय सिर्जना गर्ने र सीमान्तकृत समूहहरू (महिला, युवा, आदिवासी जनजाति) को लागि सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने ।
- राजस्व पुनर्लगानीः आर्जित नाफालाई समुदायको विकास वा संरक्षण पहलहरूमा पुनःलगानी गर्ने ।
- पारिस्थितिक प्रणाली सेवा मूल्याङ्कनः सम्पत्तिको रूपमा पारिस्थितिक पर्यटन, गैरकाठ वन उत्पादन र सांस्कृतिक सम्पदालाई उपयोग गर्ने ।

## संरक्षणमा सामुदायिक उद्यमहरूले सामना गर्ने चुनौती

सामुदायिक उद्यमहरूलाई दगो निर्माणमा केही जटिलता र अवरोध आइपर्छन्:

- अत्यधिक दोहन र शीघ्र लाभमा केन्द्रित: तत्काल नाफा आर्जनमा ध्यान दिँदा अपरिपक्व समयमै फसल भित्र्याउने वा संरक्षण लक्ष्य कमजोर हुने खतार आइपर्न सक्छ ।

- बजार जोखिमहरू: विशिष्ट बजारहरूमा निर्भरता (जस्तै इको-टुरिज्म) ले उद्यमहरूलाई आर्थिक उतारचढाव, भूराजनीतिक वा सामाजिक द्वन्द्व वा महामारीको लागि संवेदनशील बनाउँछ ।

- बाह्य निर्भरता: सरकारी निकाय, गैरसरकारी संस्था वा दातृनिकायमा अत्यधिक निर्भरताले स्थानीय स्वामित्वलाई कमजोर बनाउन सक्छ, जसले गर्दा कोषको गिरावटसँगै उद्यमको पतन हुन सक्छ ।

- शक्ति असन्तुलन र स्वायत्तताको हानि: बाह्य निकायहरूले उद्यमको निर्णय प्रक्रियामा प्रभुत्व जमाउन सक्छन्, जसले गर्दा स्थानीय संस्कृति वा पारिस्थितिक वास्तविकताहरूसँग मेल नखाने खाकाहरू लादिन सक्छ ।

- शासन र असमानता: नाफाको उद्देश्यले भ्रष्टाचारलाई बढावा दिन सक्छ र गलत प्रवृत्तिले आर्जित नाफाले असमान लाभ-बाँडफाँड र सामाजिक तनाव निम्त्याउँछ ।

- 'ग्रीनवासिङ': बजारहरूलाई आकर्षित गर्न वातावरणीय दिगोपनको गलत चित्रण, हानिकारक अभ्यासहरूलाई ढाकछोप गर्ने प्रयास हुन सक्छ ।

## संरक्षणको लागि सामुदायिक उद्यमः एक मार्गनिर्देशन

यी चुनौतीहरू पार गर्न, सबल योजना स्थानीय नेतृत्व, विविध आय स्रोत र पारदर्शी शासकीय संरचनामा जोड दिने रणनीतिक दृष्टिकोण आवश्यक पर्दछ ।

- वास्तविक समुदायको स्वामित्व प्रवर्द्धनः सुरुदेखि नै स्थानीय समुदायहरूलाई संलग्न गराउनु पर्दछ । नेतृत्व कौशल भएका सम्भावित उद्यमीहरूको पहिचान गर्न सहभागितामूलक प्रक्रिया सञ्चालन गर्नुपर्दछ ।

- संरक्षण र जीविकोपार्जनको समन्वय गर्नेः पर्यावरण-मैत्री पर्यटन, पारिस्थितिक प्रणाली सेवाहरूको दिगो प्रयोग र पारिस्थितिक सीमाहरूसँग समन्वय गरी मूल्य अभिवृद्धि उत्पादनहरूमार्फत दिगो आय उत्पन्न गर्नु पर्दछ ।

- स्थानीय क्षमता निर्माणः पारिस्थितिक अनुगमन, व्यवसाय व्यवस्थापन र द्वन्द्व समाधानको लागि प्रारम्भिक तालिम प्रदान गर्नु पर्दछ । दीर्घकालीन सल्लाहकार तथा संरक्षकको व्यवस्था गर्ने ।

- पारदर्शी शासकीय संरचनाः विश्वास आर्जन गर्न समावेशी व्यवस्थापन समितिहरूमार्फत निर्णय लिने र लाभ-बाँडफाँडको लागि समान नियमहरू सिर्जना गर्नु पर्दछ ।

- अनुकूलनीय व्यापार मोडेलहरूः विविध आय स्रोतहरू भएका लचिलो उद्यमहरू खाकाको निर्माण गर्ने । समयक्रममा बाह्य निकायहरूको निर्भरता न्यून गर्दै लानुपर्दछ ।

- बजार र साझेदारीः संरक्षण र सामुदायिक सशक्तीकरणमा जोड दिने सबल ब्रान्डको विकास गर्नु पर्दछ । नयाँ बजार हरूमा पहुँच स्थापित गर्न रणनीतिक साझेदारी स्थापना गर्नु पर्दछ ।

- वित्तीय व्यवस्थापन र अनुगमनः पारदर्शी लेखा प्रणालीको विकास गर्नु पर्दछ । पारिस्थितिक प्रभाव, सामाजिक लाभ र वित्तीय कार्यसम्पादनको नियमित रूपमा लेखा-परीक्षण प्रणाली विकास गर्नुपर्दछ ।



# सञ्चालन

हिउँ चितुवा पाइने र त्यसको वासस्थान भएको क्षेत्रहरूमा संरक्षणका विकास कार्यक्रम सञ्चालनमा मद्दत गर्न, जीएसएलइपी सचिवालय र साझेदारहरूले संरक्षणसँग जोडिएका दिगो आर्थिक विकास उद्यमहरूको लागि एक मञ्च र ब्रान्ड पहिचान सिर्जना गरेका छन् । यस्तो साझा मञ्च र ब्रान्ड पहिचानले विभिन्न क्षेत्रहरू र स्केलहरूमा यो अवधारणालाई अपनाउन मद्दत गर्न सक्छ, र यो क्रममा परियोजनको छलफलदेखि सम्भावित नीति समर्थनसम्म पर्दछन् ।

## यस्तो मञ्चका प्रमुख विशेषताहरू र यसले प्रदान गर्न सक्ने फाइदाहरूमा समावेश छन्:

- हिउँ चितुवा भूदृश्यहरूमा संरक्षण-विकास दृष्टिकोणलाई सञ्चालन गर्न मद्दत गर्न, जीएसएलइपी सचिवालय र साझेदारहरूले संरक्षणसँग जोडिएका दिगो आर्थिक विकास उद्यमहरूको लागि एक मञ्च र ब्रान्ड पहिचान सिर्जना गरेका छन् । यस्तो साझा मञ्च र ब्रान्ड पहिचानले विभिन्न क्षेत्रहरू र मात्राहरूमा यो अवधारणालाई अपनाउन मद्दत गर्न सक्छ, जसमा योजना कार्यान्वयनदेखि सम्भावित नीति समर्थनसम्मका कार्य समावेश हुन्छन् । यस्तो मञ्चका प्रमुख विशेषताहरू र यसले प्रदान गर्न सक्ने फाइदाहरू निम्न छन्:

- प्राकृतिक बासस्थान (मानिस, जनावर र बोटबिरुवा) प्रति संवेदनशील हुने व्यवसाय गर्ने तरिका सह-सिर्जना गर्न सरोकारवालाहरू (व्यक्तिहरू, प्रभावकारीहरू र समुदायहरू) र संस्थाहरू (सरकारहरू, संस्थाहरू) बीच संवादको अवसर प्राप्त हुने ।

- विभिन्न परियोजनाहरूबाट अवस्थित ज्ञान र अनुभवहरूलाई एकत्रित गर्दै सह-सिकाइलाई सहज बनाउन सक्ने उपयोगी स्रोतहरू सिर्जना हुने ।

- लाभग्राहीहरूको सञ्जाल निर्माण गरेर फराकिलो विचार राख्दै धेरै साझेदारहरू निर्माण हुने । तिनीहरूले, बारीमा, आफ्नो ज्ञान, सम्पत्ति र स्रोतहरू, उत्पादन र सेवाहरूको पोर्टफोलियो, आफ्नो जोश र विचारहरू र आफ्नो प्रभावले कार्यक्रमलाई बढाउने अवसर प्राप्त हुने ।

- स्थानीय उद्यमीहरू वा समुदायहरूलाई पारिस्थितिक रूपमा संवेदनशील, सामाजिक रूपमा समावेशी, सांस्कृतिक रूपमा सान्दर्भिक र आर्थिक लाभहरू ल्याउने व्यवसायहरू निर्माण गर्न मद्दत गर्न आवश्यकतामा आधारित समर्थनका विभिन्न रूपहरू प्रदान गर्ने । मूल्य शृंखलाको पारदर्शिता र ट्रेसेबिलिटी, उत्पादन र सेवाहरूको गुणस्तर नियन्त्रण, र पारिस्थितिक, सामाजिक र आर्थिक दिगोपन सुनिश्चित गरेर लगानीकर्ताहरू र खरीददारहरूसँग विश्वास बढाउने ।


- मानिसहरूलाई समान काम गर्ने र समान मूल्यहरू साझा गर्ने अरूसँग जोडिन, एकअर्कालाई समर्थन गर्न, एकअर्काबाट सिक्न र सँगै बढ्न मद्दत पुग्ने । यसले ज्ञान र स्रोत आदानप्रदानलाई सहज बनाउन सक्छ जसलाई यसको आवश्यकता छ र/वा तिनीहरूबाट लाभ उठाउन सक्छन् जसले आफ्नो सामाजिक र वातावरणीय दिगोपन लक्ष्यहरू प्राप्त गर्न सक्छन् । लाभग्राहीहरू परियोजनाहरू वा व्यक्तिहरू व्यक्ति वा समूहहरू, संस्थाहरू वा उद्यमहरू, सिर्जनाकर्ताहरू वा उत्प्रेरकहरू हुन सक्छन् ।

- स्थानीय समुदायका सम्भावित उद्यमीहरूलाई कोष र स्रोतहरू प्रदान गर्न सहयोग हुने । दायरा देशहरू, परियोजना साझेदार र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले त्यस्ता स्थानीय स्टार्टअपहरूलाई समर्थन गर्न लगानी गर्ने तयार हुन सक्छन् । दायरा देशहरूले आफ्ना परियोजनाहरू र नीतिहरूमा समान एक ढाँचा समावेश गर्ने विचार गर्न सक्छन् ।

- सामाजिक, आर्थिक र पारिस्थितिक प्रभाव मापन गर्न मेट्रिक्स विकास गर्नुहोस् र विशिष्ट हस्तक्षेपहरू, परियोजनाहरू र बृहत् दृष्टिकोणको प्रभावकारिता दस्तावेज गर्ने ।

नीतिगत सुझाव नम्बर १५:

# वन्यजन्तुबाट हुने क्षतिको द्वन्द्व व्यवस्थापन



# परिचय र शब्दावली

'मानव-वन्यजन्तु द्वन्द्व' भन्नाले त्यो अवस्था हो, जहाँ वन्यजन्तुले मानवीय जनजीवन र जीविकोपार्जनलाई नकारात्मक प्रभाव पारेको हुन्छ । यद्यपि यस शब्दावलीको अर्थ मानिस र वन्यजन्तुबीचको प्रत्यक्ष र शत्रुतापूर्ण सम्बन्ध भन्ने हो । यसले एउटा जटिल अवस्थालाई सरलीकरण गर्ने जोखिम पैदा गर्छ, किनभने धेरैजसो अवस्थामा भिन्न मूल्यमान्यताका कारण सिर्जित द्वन्द्व 'मानव-मानव' बीच भएको हुन्छ; जहाँ एउटा पक्षले प्रजाति संरक्षणलाई प्राथमिकता दिएको हुन्छ भने अर्को पक्षले मानिसको सुरक्षा वा जीविकोपार्जनलाई सुरक्षित गर्न चाहेको हुन्छ ।

'मानव-वन्यजन्तु द्वन्द्व' शब्दावली वा यसका अन्य रूपहरूको प्रयोग नगर्दा उत्तम हुने देखिन्छ, किनभने यो परिस्थितिलाई या त 'संरक्षण द्वन्द्व' भन्नु वा 'वन्यजन्तुबाट हुने क्षति' का रूपमा उल्लेख गर्नु उचित हुन्छ ।

यी परिस्थितिलाई दुई भागमा बुझ्न सकिन्छ :

क. वन्यजन्तुले मानवीय स्वार्थमा पुऱ्याएको क्षति
ख. मानवद्वारा वन्यजन्तुप्रति प्रतिशोधात्मक वा रोकथाम केन्द्रित उत्पीडन ।



मानिस र वन्यजन्तुको बसोवास एकै भूगोल र क्षेत्रमा हुँदा वन्यजन्तु र मानव सहअस्तित्व भएको सन्दर्भमा मानवीय हितमा केही न केही क्षति हुनु स्वाभाविक हो भनी बुझ्नु महत्त्वपूर्ण हुन्छ । यसलाई कसरी प्रस्ट पार्न सकिन्छ भने खेतबारीमा लगाइएको बालीनाली र पशुपालन गरिएका पशुधन वन्यजन्तुका आहारा भएकाले त्यसमा उनीहरूको आकर्षण रहन्छ ।

यी स्रोत वन्यजन्तुको वरपर हुँदा द्वन्द्व पूर्ण रूपमा रोक्न सकिँदैन बरु तिनलाई उपयुक्त ढंगमा व्यवस्थापन गर्न भने सकिन्छ ।

सरकारी निकायहरू, बहुपक्षीय संस्था र अन्य सहयोगी निकायहरूले यो मुद्दालाई 'द्वन्द्व उन्मूलन वा समाधान' बाट 'द्वन्द्व व्यवस्थापन र सहअस्तित्व' का रूपमा रूपान्तरण गर्नु एक महत्त्वपूर्ण नीतिगत परिवर्तन हो ।

पारिस्थितिकीय विज्ञान, परम्परागत ज्ञान, सांस्कृतिक आयाम, लैंगिक समता र समानता, स्वतन्त्र र पूर्वसूचित सहमतिलगायतका विविध पक्षलाई समाहित गरेर, सरकार र संस्थाहरूले दिगो द्वन्द्व न्यूनीकरणका रणनीतिक खाका विकास गर्न सक्छन्, जसले राष्ट्रिय जैविक विविधता लक्ष्य, अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण र मानवअधिकारका उत्तरदायित्वसँग एकरूपता कायम गर्छन् ।

# सहअस्तित्वको खाकाको महत्त्व

समुदाय केन्द्रित खाकामार्फत संरक्षणका क्रममा उत्पन्न हुने द्वन्द्वहरूलाई सम्बोधन गर्दा संरक्षणकर्मी, राज्यका निकाय, बहुपक्षीय संस्था र स्थानीय सरोकारवालाहरूलाई निम्न लाभ हुने देखिन्छ । विशेष गरी:

१. समस्याग्रस्त जनावरहरूलाई दोष दिनुको साटो 'द्वन्द्व सिर्जना हुने परिस्थिति' (जस्तै : मौसमी विशेषताले एकआपसमा मिल्ने समय, पशुबस्तुको संवेदनशीलता, भाले ठूला मांसाहारी वा शाकाहारी जनावरहरूको जोखिमपूर्ण व्यवहार) मा ध्यान केन्द्रित गरेर, वन्यजन्तु संरक्षणका क्षेत्रमा कार्यरत निकायहरूले घटनाप्रति प्रतिक्रिया जनाउनुको साटो जुझारु, वैज्ञानिक र परम्परागत ज्ञानमा आधारित हस्तक्षेप गर्न सक्छन् ।

२. वन्यजन्तुले गरेको क्षतिप्रतिको मानवीय प्रतिक्रिया संस्कृतिक, सामाजिक शक्ति सन्तुलन र लैंगिकतामा आधारित हुन्छ (जस्तै : वन्यजन्तुबाट हुने नोक्सानीका कारण पोषण सम्बन्धमा वा भावनात्मक रूपमा महिलाले अप्रत्यक्ष रुपमा वहन गर्नुपर्ने) । सहकार्यको सिद्धान्त जस्ता खाकाहरूको उपयागले द्वन्द्व व्यवस्थापनमा सीमान्तकृतहरूको प्रतिनिधित्व भएको सुनिश्चित गर्दछ, जसले न्यायोचित विकासका मापदण्ड र सामाजिक सुरक्षा नीतिहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्दछ ।

३. सहानुभूति र द्रुत प्रतिक्रिया (तत्काल सम्बोधन) द्वन्द्व व्यवस्थापनका आधार हुन् । तत्काल र सहानुभूतिपूर्ण सहयोगका लागि मापदण्डको व्यवस्था, जस्तै : तत्काल सम्बोधन गरिने द्रुत प्रतिक्रियाले जनआक्रोश कम गर्छ र प्रतिशोधमा गरिने वन्यजन्तुको हत्या रोक्न सक्छ ।

४. माथिबाट लादिएका प्रतिक्रियात्मक उपायहरू जस्तै- वन्यजन्तुको स्थानान्तरण वा छनोट गरी मार्ने काम (कुलिङ) निगरानीका साथ गरिए पनि यी विधि अत्यन्तै महँगा हुन्छन् र प्रायः पारिस्थितिक दृष्टिकोणले प्रभावकारी हुँदैनन् । समुदायलाई सशक्तीकरण गर्ने गरी स्थानीय समुदायको सहकार्यमा तयार गरिएको खाकामार्फत काम अघि बढाउँदा समुदायको स्वामित्व सुनिश्चित हुन्छ र कानुन कार्यान्वयनका लागि सरकारी निकायहरूमाथिको दायित्व कम हुन जान्छ ।

# मुख्य सिद्धान्त र कार्यान्वयन पक्ष

द्वन्द्व व्यवस्थापनलाई सफलतापूर्वक कार्यान्वयन गर्न लक्षित खाका तथा रणनीतिहरू समुदाय, परिस्थिति र समय सान्दर्भिक हुनुपर्छ र बाहिरबाट लाद्ने हिसाबले थोपर्नुको साटो प्रभावित समुदायहरूसँगको सहकार्यमा तयार गर्नुपर्छ ।

१. एउटै मात्रै उपायमा भर पर्दा; जस्तै क्षतिपूर्तिमा मात्रै भर पर्दा सफलता पाउन कठिन हुन्छ । सम्बन्धित सरकारी कार्यालय र आयोजना प्रबन्धकहरूले निम्नानुसारका एकीकृत रणनीतिाहरू परिचालन गर्नुपर्छ:

क. क्षति न्यूनीकरण: भौतिक अवरोधहरू (हिंस्रक जनावरबाट बच्ने खोरहरू, बारहरूको निर्माण) लाई व्यवहार परिवर्तन गर्ने न्यूनीकरणका उपाय र सतर्कतासँग जोड्ने ।

ख. नोक्सानीको परिपूर्ति: अप्रत्यासित नोक्सानीका लागि निष्पक्ष र अनुमानित क्षतिपूर्तिको प्रयोग गर्ने र स्वामित्व ग्रहण गर्न तथा झुटा दाबीहरूलाई निरुत्साहित गर्न समुदायद्वारा व्यवस्थित बिमा योजनाहरूलाई सहयोग गर्ने ।

ग. सहअस्तित्वको प्रवर्द्धन: पर्यापर्यटन जस्ता संरक्षणसँग जोडिएका जीविकोपार्जन र सचेतना कार्यक्रममार्फत सामाजिक सक्रियता बढाउने ।



२. द्वन्द्वग्रस्त क्षेत्रहरू (संवेदनशील क्षेत्रहरू), मौसमी प्रवृत्तिहरू र सामुदायिक ज्ञानको नक्सांकन गर्नेः

क. सहकार्यमा आधारित विकासः समुदायहरूसँग मिलेर विकासका कामहरू गर्ने, जसमा लागत, मर्मतसम्भारको जिम्मेवारी र निर्णय गर्ने अधिकार स्पष्ट रूपमा बाँडफाँट गर्ने ।

ख. सानोबाट सुरु र दीर्घकालीन सहयोगः ठूला क्षेत्रहरूमा विस्तार गर्नुअघि विश्वास आर्जन गर्न सहजै व्यवस्थापन गर्न सकिने साना क्षेत्रहरूमा समाधानको परीक्षण गर्ने ।

ग. अनुगमन र ग्रहणः घटना, सामुदायिक कल्याण र विश्वास कायम राख्न सहभागितामूलक अनुगमन र मूल्याङ्कनका संयन्त्र प्रयोग गर्ने ताकि यसले स्पष्टसँग गुनासो सुन्ने र क्षति सुधार गर्ने संयन्त्र स्थापना गरोस् ।

३. समुदायसँगको संलग्नतासँगै आदिवासी र स्थानीय शासन प्रणालीको सम्मान गर्नुपर्छ । सूचना र ज्ञानको सार्वभौमसत्ता (जस्तैः ओक्याप/केयर सिद्धान्तहरू) लाई सम्मान गरिनुपर्छ, जसले समुदायहरूले आफ्नो ज्ञानमा स्वामित्व राख्ने र संरक्षण तथा द्वन्द्व व्यवस्थापन साझेदारीबाट निष्पक्ष र प्रत्यक्ष लाभ प्राप्त गर्ने कुरा सुनिश्चित गर्दछ ।

# संस्थागत चुनौतीहरू पार गर्दै

## द्वन्द्व व्यवस्थापनलाई प्रतिक्रियात्मक अभ्यासबाट सक्रिय, सहअस्तित्वमा आधारित खाकामा रूपान्तरण गर्न ढिला र समस्याग्रस्त प्रशासनिक तथा वित्तीय अवरोध चिर्नु जरुरी छ :

१. एकल, स्पष्ट देखिने हस्तक्षेप वा स्थानान्तरणजस्ता नीतिहरूले चाँडो परिणाम देखाउनका लागि मानिसलाई आकर्षित गर्छन्, तर ती प्रायः मूल कारणहरूलाई सम्बोधन गर्न असफल हुन्छन् । तसर्थ संलग्न बहुपक्षीय संस्था र सरकारी योजनाकारहरूले भौतिक क्षति र समाज कल्याण दुवैलाई सम्बोधन गर्ने एकीकृत, दीर्घकालीन सहअस्तित्वमा आधारित रणनीतिका लागि कोष उपलब्ध गराउन प्रतिबद्ध हुनुपर्छ ।

२. विश्वास निर्माणका लागि समय लाग्छ । सरकार र दाताहरूले लचिलो बजेटको व्यवस्था गर्नुपर्छ जसले संरक्षणकर्मीहरूलाई साना नमुना परीक्षण गर्दै काम अघि बढाउन अनुमति दिन्छ । स्थानीय विश्वास, मर्मत क्षमता र अवधारणाको सफलता स्थापित भएपछि मात्र कार्यक्रमको विस्तार गरिनुपर्छ ।

३. सरकारी निकाय र ठूला संस्थाहरूले प्रशासनिक प्रक्रियाहरूलाई सरल बनाउन नीतिगत अगुवाहरू र गैरसरकारी साझेदारहरूलाई संलग्न गराउन सक्छन्; जस्तै आपतकालीन सहयोगको द्रुत परिचालन र मानक सञ्चालन कार्यविधि (सोप्स्) तथा विपद् प्रतिकार्य मापदण्डहरूमा नैतिक ढाँचाहरू (जस्तैः पार्टनर प्रिन्सिपल) लाई मूलप्रवाहीकरण गर्ने ।

नीतिगत सुझाव नम्बर १६

# पारिस्थितिक प्रणाली सेवा र प्रकृतिको योगदानको मूल्याङ्कन



# परिचय र औचित्य

लामो समयदेखि आर्थिक वृद्धि र वातावरणीय ह्रासलाई एकअर्काको विरोधी शक्तिका रूपमा प्रस्तुत गरिँदै आएको छ । पूर्वाधार विकासले वन फँडानी, बासस्थान विनाश र प्रदूषण जस्ता वातावरणीय समस्या निम्त्याउने अनुमान गरिन्छ । यसो हुनुमा परम्परागत आर्थिक खाकालाई आधार मानिन्छ जसले राष्ट्रिय अर्थतन्त्रमा प्रकृतिको महत्त्वपूर्ण तर प्रायः अदृश्य योगदानलाई बेवास्ता गर्दछ । त्यसले गर्दा पारिस्थितिक प्रणालीहरूको महत्त्वलाई कम महत्त्वको ठानेर न्यून मूल्याङ्कन गर्ने र अत्यधिक शोषण गरिन्छ ।

प्रकृतिको योगदानको महत्त्व स्थापित गर्न पारिस्थितिक प्रणाली सेवाहरूको अवधारणा विकास गरिएको हो । पारिस्थितिक प्रणाली सेवाहरूलाई पारिस्थितिक प्रणालीबाट प्राप्त हुने लाभका रूपमा परिभाषित गरिएको छ, जसमा प्राकृतिक, अर्धप्राकृतिक वा मानवपरिमार्जित पक्ष समावेश हुन्छन्, जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवीय कल्याणमा योगदान पुऱ्याएका हुन्छन् । मानवीय लाभका पक्षहरू समावेश भएका अवस्थामा पारिस्थितिक प्रणालीका केही विशेष प्रक्रियालाई 'सेवा' भनिन्छ । 'पारिस्थितिक प्रणाली सेवा' का लागि मानव लाभलाई आवश्यक सूचकका रूपमा लिइएको छ ।



सरकारी निकाय, बहुपक्षीय संस्था र विकास योजनाकारहरूले निर्णय प्रक्रियामा पारिस्थितिक प्रणाली सेवाहरूलाई समावेश गर्नु वातावरणीय छनोट मात्र होइन बरु एक समष्टिगत आर्थिक आवश्यकता हो । अझ महत्त्वपूर्ण, पारिस्थितिक प्रणालीको क्षयले राष्ट्रिय आर्थिक स्थिरतामा प्रत्यक्ष, प्रणालीगत जोखिमहरू खडा गर्ने सम्भावना हुने हुँदा परिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्नु महत्त्वपूर्ण छ; जुन वित्तीय दायित्वहरूमा मूर्त रूपमा परिवर्तन हुन्छ । निरन्तरको बाढीले गराउने क्षतिको पुनःनिर्माणको लागत र प्राकृतिक परागसेचनको क्षतिको कारणले कृषि उत्पादनमा आउने कमी र स्रोतमा निर्भर ग्रामीण जीविकोपार्जनमा पर्ने नकारात्मक प्रभाव यसका उदाहरण हुन् । प्रकृतिको योगदानलाई पहिचान गरेर र तिनीहरूको मूल्याङ्कन सुनिश्चित गर्दै सरकारले दीर्घकालीन आर्थिक सहजतालाई सुरक्षित गर्न; अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न र अमूल्य सामाजिक-वातावरणीय प्रभावहरुलाई रोक्न सक्छ ।

पारिस्थितिक प्रणाली सेवा ढाँचा सञ्चालन गर्नु एक महत्त्वपूर्ण नीतिगत परिवर्तन हो, तर आर्थिक प्रणालीहरूले अहिलेसम्म निःशुल्क पहुँचमा रहेको प्राकृतिक स्रोतहरू (पारिस्थितिक प्रणाली सेवाहरू) को लेखा राख्न (वा भुक्तानी गर्न) अनिच्छुक भएका कारण यसको प्रतिरोध भइरहेको हो । प्राकृतिक स्रोतलाई 'लागतको केन्द्र' वा निष्क्रिय पृष्ठभूमिबाट आर्थिक मान्यता प्राप्त प्राकृतिक पुँजीमा रूपान्तरण गर्न गाह्रो छ । यद्यपि यी मूल्यहरूलाई आत्मसात् गर्दै सरकार र संस्थाहरूले राष्ट्रिय आर्थिक विकास लक्ष्यहरूलाई अन्तर्राष्ट्रिय जैविक विविधता प्रतिबद्धताहरूसँग ऐक्यबद्धता कायम गर्न सक्छन्, जसले मानवीय हित र स्थानीय, राष्ट्रिय र विश्वव्यापी अर्थतन्त्रलाई आधार बनाउने सेवाहरूमा दिगो पहुँच सुनिश्चित गर्दछ ।

# पारिस्थितिक प्रणाली सेवाको मूल्यको खाका

पारिस्थितिक प्रणाली सेवाहरूको महत्त्व बुझ्ने र तीनलाई वर्गीकरण गर्ने कामले राज्यका निकाय र संरक्षणका काममा सक्रियहरूलाई प्रकृतिको बहुआयामिक महत्त्व बुझ्न तथा त्यसलाई व्यक्त गर्न अवसर दिन्छ । पारिस्थितिक प्रणाली सेवाहरूलाई तीन प्राथमिक वर्गमा वर्गीकरण गर्न सकिन्छः

क. प्राकृतिक सेवाहरूलाइ जीवित अवयवबाट प्राप्त हुने पोषण, भौतिक र ऊर्जावान उत्पादनहरूको रूपमा परिभाषित गर्न सकिन्छ । जस्तै-खेती गरिएको बाली, कटान गरिएको प्राकृतिक वस्तु, सफा पानी र काष्ठ पैदावार ।

ख. नियमन सेवाहरूलाइ ती संयन्त्रहरूका रूपमा परिभाषित गरिन्छ जसका माध्यमबाट प्राणीहरूको अस्तित्व वातावरणमा रहेको हुन्छ र यसमार्फत मानिसहरूलाई जलवायु नियमन, कार्बन सञ्चिति, बाढी र आगजनीबाट सुरक्षा र बाली परागसेचन लाभ हुन्छन् ।

ग. सांस्कृतिक सेवाहरूमा भौतिक र मानवीय कल्याणमा प्रभावित पार्ने गैरभौतिक उत्पादनहरू पर्दछन् । जस्तै- सौन्दर्य अनुभव, परम्परागत पारिस्थितिक मूल्यहरू, मनोरञ्जन र अध्यात्मिक मूल्यहरू ।

यी सेवाहरूलाई कार्यान्वयन योग्य नीतिमा समावेश गर्न, तिनीहरूको महत्त्व स्थापित हुनेगरी विविध सरोकारवालाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित हुने गरी गर्नुपर्छ। यसमा निम्न विषय समावेश छन्:

### १. जैविक भौतिक मूल्य:

मापनयोग्य, मूर्त पारिस्थितिक तत्त्व, जस्तै १०० हेक्टर वनले १,५०० टन कार्बन डाइअक्साइड सोस्छ। यसले संरक्षण लक्ष्यहरूका लागि आधारभूत तथ्यांक प्रदान गर्दछ।

### २. मौद्रिक मूल्य:

पारिस्थितिक लाभहरूलाई आर्थिक दृष्टिकोणमा व्यक्त गर्दा प्राकृतिक पुँजीको लागत लाभका विश्लेषणलाई अर्थ मन्त्रालय र बहुपक्षीय दाताहरूलाई बुझाउन सजिलो हुन्छ।

### ३. सामाजिक-सांस्कृतिक मूल्य:

गैरमौद्रिक मापदण्डहरू जसले सामाजिक प्राथमिकताहरू, सांस्कृतिक पहिचान र मानवीय आवश्यकता तथा विशेषतालाई समेट्नुका साथै आर्थिक मापदण्डहरूसँगै सामुदायिक अधिकार र सांस्कृतिक मूल्यहरूलाई प्राथमिकतामा राखिएको सुनिश्चितता गर्दछ।

# मुख्य सिद्धान्तहरू र कार्यान्वयन विधिहरू

योजनामा पारिस्थितिक प्रणाली सेवाहरूलाई समावेश गर्न अभ्यासकर्ताहरूले पहिले विद्यमान पारिस्थितिक प्रणाली जसले मानिसहरूलाई विभिन्न सेवा प्रदान गरेका छन् तिनका सबै प्रक्रिया र कार्यहरूका चक्रलाई नक्सांकन गर्न आवश्यक छ ।

के बुझ्नु महत्त्वपूर्ण छ भने पारिस्थितिक प्रणाली सेवाहरूको मूल्य विभिन्न पक्षलाई भिन्न-भिन्न हुन्छन् । प्रकृतिको विशिष्ट मूल्यहरु सन्दर्भ-अनुसार महत्त्वपूर्ण हुन्छन् (मानवीय उद्देश्यको एक माध्यम) र यसको सम्बन्ध (मानिसको प्रकृतिसँग र प्रकृतिमार्फत एकअर्काको मूल्यमा आधारित प्राकृतिक मूल्य) तथा आन्तरिक मूल्य (प्रकृतिको अस्तित्वको निहित अधिकार) पनि सोही अनुसार हुन्छ ।

बहुलवादी दृष्टिकोणले मूल्याङ्कन खाकाको तयारी गर्दा नीतिगत निर्णयहरू शक्तिशाली आवाजहरूलाई प्रतिनिधित्व गर्ने मूल्यहरूद्वारा पक्षपाती नभएको सुनिश्चित गर्दछ, र छनोट गरिएका विधिहरूलाई सान्दर्भिकता, सबलता र स्रोतको उपलब्धताको आधारमा मूल्याङ्कन गर्न सकिन्छ ।

विशेष गरी, एकभन्दा धेरै मानहरूको मूल्याङ्कन गर्ने तरिकाहरू पनि भिन्नभिन्न हुन्छन् र मूल्याङ्कनका आधार पनि फरक हुन्छन् र परियोजनाका लागि आवश्यक समय, बजेट र यथार्थपरक तथ्यांक बाधक बन्छ ।

**जैविक-भौतिक विधि:**

यी विधिले सेवा उपलब्ध गराउने प्रकृतिको भौतिक क्षमताको मूल्याङ्कन गर्छन् र स्पष्ट, वस्तुगत राष्ट्रिय लक्ष्यहरू निर्धारण गर्नका लागि उपयुक्त मानिन्छ, (उदाहरणका लागि कार्बन उत्सर्जन आधारभूत नक्सांकन वा जल प्रवाह मूल्याङ्कन) । मूल्याङ्कनमा प्रयोग हुने उपकरणहरूमा रिमोट सेन्सिङ, जीवन-चक्र मूल्याङ्कन, पारिस्थितिक नमुना र जैविक विविधताका महत्त्वपूर्ण स्थानको नक्सांकन आदि समावेश हुन सक्छन् । यी मूल्याङ्कनका आधार सबल भए पनि कतिपय अवस्थामा स्थानीय परनिर्भरताबाट अलग हुनसक्छ ।



**कथनमा आधारित विधिः** समावेशी, संरक्षित-क्षेत्र व्यवस्थापन र एकअर्कामा आधारित मूल्यहरूको बुझाइका लागि यो महत्त्वपूर्ण आधार हुन् । स्थानीय समुदायले पारिस्थितिक प्रणालीलाई कसरी बुझेका छन्, कसरी उपयोग गरेका छन् र कसरी मूल्याङ्कन गर्छन् भन्ने बुझ्न प्रत्यक्ष सरोकारवालाको भनाइ थाहा पाउन पनि यो महत्त्वपूर्ण आधार हो । यसका आधारमा आदिवासी र रैथाने ज्ञानलाई नीतिमा समावेश गर्न औपचारिकता उपलब्ध हुने हुँदा यो महत्त्वपूर्ण मानिन्छ । यसको उदाहरणमा अन्तरक्रियात्मक कार्यशाला, छनोट प्रक्रिया, सर्वेक्षण र सहभागितामूलक नक्सांकन पर्दछन् ।

**व्यवहारमा आधारित विधिः** यो विधि पारिस्थितिक प्रणालीमा आर्थिक निर्भरताको परिणाम अवलोकन गर्न र वास्तविक बजार व्यवहार अवलोकनका लागि पनि उत्तम उपाय हो । यी विधिले मानिसहरूले समय र पैसाको विनियोजन कसरी गर्छन् भन्ने विश्लेषणमार्फत प्राकृतिक स्रोतसाधनको मूल्य मापन गर्छन् । उदाहरणका लागि, प्रत्यक्ष देखिने प्रविधि, सुखदायक मूल्य, यात्राका लागत र प्रतिस्थापन लागत अनुमान ।

**एकीकृत विधिः** विविध सरोकारवालाहरूसँग सम्बन्धित जटिल द्वन्द्वहरूलाई कम गर्न यी विधि आवश्यक छ, उदाहरणका लागि प्रस्तावित तटीय क्षेत्रको विकास वा उच्च पहाडी बस्तीको सडक निर्माण; र वैज्ञानिक तथ्यांक, लागत तथा सामाजिक लाभहरुलाई संवाद तथा अन्तरक्रियात्मक निर्णय प्रक्रियामा समावेश गरेर प्रस्तुत गरिन्छ । यसले भिन्न ज्ञान प्रणालीलाई जोड्ने काम गर्दछ र उत्पन्न गतिरोधलाई हटाउने काम गर्छ । यसको उदाहरणमा मापदण्डका बहुल आधार, निर्णय प्रक्रियाको संरचना, उपयुक्त मौद्रिक मूल्याङ्कन र एकीकृत मूल्याङ्कन खाका पर्दछन् ।

# द्वन्द्व न्यूनीकरण गर्न संस्थागत चुनौतीहरूको सामना

पारिस्थितिकीय सेवाहरूको महत्त्व पहिचान गर्नाले सकारात्मक अन्तरक्रियालाई प्रोत्साहन गर्छ र संरक्षणलाई विकासका लागि खतराका रूपमा हेर्ने सरोकारवालाहरूको दृष्टिकोण परिवर्तन गर्न मद्दत गर्छ र यसले पारस्परिक निर्भरताहरू पहिचान गर्न पनि मद्दत गर्छ ।

पहिचानमा मात्र सीमित नभई यी मूल्याङ्कनहरूको लेखापरीक्षण र संयन्त्रको खाकामा समावेश गर्न सरकारहरूले निम्न रणनीतिक खाका र नीति संयन्त्र अपनाउन सक्छन्, जसले पारिस्थितिक प्रणाली सेवाहरूबाट समग्र लाभ हुन सक्छः

**स्थानीय लक्ष्य र पारिस्थितिक क्षेत्र निर्धारणः**

सरकारले तोकिएको विशेष पारिस्थितिक क्षेत्रहरू स्थापना गरेर पारिस्थितिक मूल्याङ्कनको नमुना बनाउन सक्छ । यसले राष्ट्रिय निकुञ्ज, जैविक विविधता आरक्ष वा त्यस्तै अन्य उच्च-प्राथमिकताका संरक्षण क्षेत्रमा ध्यान केन्द्रित गर्न सक्छ । यसले अधिकारीहरूलाई राष्ट्रिय नीतिहरूमा विस्तार गर्नुअघि स्थानीय रूपमा मूल्याङ्कन र लेखापरीक्षणका ढाँचाहरूको परीक्षण, परिष्कार र नियमन गर्ने अवसर दिनेछ ।

**कर्पोरेट अडिट र कर छुटः**

निजी क्षेत्रलाई प्रोत्साहन गर्न, सरकारले त्यस्ता कम्पनीहरूलाई कर छुट, अनुदान वा प्रिमियम बजार पहुँच प्रदान गर्न सक्छ जसले सक्रिय रूपमा आफ्नो कामको लेखापरीक्षण गरिरहेका छन् र पारिस्थितिक पुनर्स्थापनामा लगानी गरिरहेका छन् । पारिस्थितिक दायित्वका मापदण्डका पुरा गरेर प्रत्यक्ष रूपमा वित्तीय लेखापरीक्षणलाई जोड्दै, पारिस्थितिक दायित्वको भुक्तानीलाई सरकारले भूमिपति र किसानहरूलाई प्रत्यक्ष कर छुट प्रदान गर्न अगुवाको रूपमा उपयोग गर्न सक्छ, जसले रैथाने वनस्पति संरक्षणमा योगदान गरिरहेका छन् ।

**पारिस्थितिक प्रणाली सेवा र प्रोत्साहनका लागि भुक्तानीः**

तल्लो तटीय पानीको गुणस्तर कायम गर्न र माथिल्लो क्षेत्रमा वनको संरक्षणजस्ता सेवाहरूको मर्मतसम्भारको लागि समुदाय वा जग्गाधनीहरूलाई क्षतिपूर्ति दिने ।



प्रकृति पुँजी लेखाः

सरकारले आफ्नो प्राकृतिक सम्पत्तिको अवस्था नियमन गर्न र स्रोतको न्यूनताका लागि उद्योगहरूलाई जवाफदेही बनाउने कुरा सुनिश्चित गर्न, कुल गार्हस्थ्य उत्पादनजस्ता मुख्य आर्थिक योगदानमा पारिस्थितिक सेवाहरूको मूल्यलाई समावेश गर्ने ।

वासस्थान जगेर्नाः

विकास आयोजना सञ्चालकहरूले अन्यत्र समान पारिस्थितिक पुनर्स्थापनामा लगानी गरेर अपरिहार्य वातावरणीय प्रभावहरूलाई जगेर्ना गरेको सुनिश्चित गर्ने ।

लैंगिक संवेदनशील र समावेशी दृष्टिकोणहरूः

वातावरणीय परिवर्तनका लाभ तथा बोझहरू लैंगिक दृष्टिले असमान रूपमा वितरण हुने भएकाले पारिस्थितिक प्रणाली सेवाहरूको मूल्याङ्कन र व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरणको आधार आवश्यक छ । महिला, आदिवासी जनजाति र अन्य सीमान्तकृत समुदायहरू प्रायः प्राकृतिक स्रोतहरूमा निर्भर हुन्छन् तर पारिस्थितिक प्रणालीमा प्रतिकूल असर पर्दा भूमि-उपयोगसँग सम्बन्धित निर्णयहरूमा उनीहरूको प्रभाव कम हुन्छ र क्षतिपूर्तिमा पनि पहुँच सीमित हुन पुग्छ । सरकार र बहुपक्षीय संस्थाहरूले पारिस्थितिक प्रणाली सेवा नीतिहरूमा समावेशीकरण मापदण्डहरू समावेश गरेर, न्यून प्रतिनिधित्व भएका समूहहरूलाई प्रभावकारी रूपमा समावेश गर्दै सहभागितामूलक प्रक्रिया सुनिश्चित गरेर समानतालाई सुदृढ पार्न सक्छन् । जेड्सीप्रति उत्तरदायी दृष्टिकोणले प्रकृतिमा सबैभन्दा बढी निर्भर (र यसको क्षतिको सबैभन्दा जोखिममा रहेका) व्यक्तिहरूलाई निर्णय प्रक्रियामा समावेश गरी दिगो व्यवस्थापनबाट लाभ उठाउने कुरा सुनिश्चित गर्दा पारिस्थितिक प्रणाली सेवाको वैधता र प्रभावकारिता दुवै सुदृढ हुन पुग्छ ।

# उदाउँदो खाका र आलोचनाको सम्बोधन

नीति रूपान्तरणका लागि पारिस्थितिक प्रणाली सेवाको खाका प्रभावकारी भए तापनि यसले विभिन्न आलोचनाहरूको सामना गरेको छ, विशेष गरी यसको मानवीय प्राथमिकता, प्रकृतिलाई वस्तुसरह मूल्याङ्कन गर्ने जोखिम र मानव वन्यजन्तु द्वन्द्वजस्ता हानिहरूको लागि यसको लेखाजोखा गर्न असफलता ।

यस्ता चुनौतीहरू सामना गर्न संस्थाहरूलाई मानिसहरुका लागि प्रकृतिको योगदान (एनसिपी) ढाँचातर्फ विकास गर्न प्रोत्साहन गरिन्छ । एनसीपी ढाँचालाई इन्टरगभरमेन्टल साइन्स-पोलिसी प्लाटफर्म (आइपिबिइएस) द्वारा प्रस्तुत गरिएको थियो, जसलाई थप समावेशी, बहुलवादी र सांस्कृतिक रूपमा सुहाउँदा बनाउने लक्ष्य राखिएको इएस ढाँचाको अद्यावधिक मान्न सकिन्छ ।

## एनसिपी सिद्धान्तको मुख्य खाका:

१. एनसिपीलाई मानिसहरूको जीवनको गुणस्तरमा प्रभाव पार्ने जीवित प्रकृतिको योगदानको रूपमा परिभाषित गरिएको छ, जसमा सकारात्मक र नकारात्मक दुवै पक्ष समावेश हुन्छन् ।

२. इएस ढाँचा जहाँ सांस्कृतिक सेवाहरूलाई एउटै श्रेणीमा राखिएको छ, त्यस विपरीत एनसीपीले संस्कृतिलाई मानिस र प्रकृति बीचको प्रत्येक अन्तरक्रियामा निहित व्यवहारका रूपमा व्याख्या गर्दछ । सांस्कृतिक विश्व दृष्टिकोणले भौतिक, नियमनकारी र गैरभौतिक योगदानहरूलाई कसरी बुझिन्छ, मूल्याङ्कन गरिन्छ र प्रयोग गरिन्छ भनेर खाका उपलब्ध गराउँछ ।

३. एनसीपीले प्रकृतिले मानव जीवनमा योगदान पुऱ्याउने गैर-भौतिक दृष्टिकोणलाई जोड दिन्छ, जस्तै रैथाने र परम्पराहरूलाई प्रवर्द्धन गर्ने, घुमन्ते गोठाला वा परम्परागत सिकारीहरूको पहिचान र विशिष्ट परिदृश्य, भूस्वरूप वा प्रजातिहरूसँग पवित्र सम्बन्ध आदि ।

४. एनसीपीले मानव-वन्यजन्तु द्वन्द्वजस्ता प्रकृतिबाट मानिसहरूले सामना गर्ने प्रतिकूल प्रभाव वा लागतहरूलाई स्पष्ट रूपमा समेट्छ । समतामूलक संरक्षण नीतिको खाका तयार पार्दा यस्ता धरातलीय यथार्थलाई स्वीकार गर्नु आवश्यक छ ।

## एनसीपी ढाँचालाई सञ्चालन गर्न, नीति निर्माता तथा संलग्न सरोकारवालाहरूले आफ्नो मूल्याङ्कन र योजना विधिहरूलाई समायोजन गर्न आवश्यक छ । विशेष गरी:

क. प्राकृतिक लाभहरूलाई आर्थिक रूपले दबाबमा रहने वर्गीकरणमा पार्नुको साटो, मूल्याङ्कन विधिले बहुल मूल्याङ्कन खाकाको प्रयोग गर्न सक्छन् । योजनाकारहरूले अन्तरक्रियात्मक, कथानक र सहभागितामूलक विधि उपयोग गर्न सक्छन्, जसले स्थानीय समुदायको परम्परागत मान्यता र सामाजिक मूल्यहरूलाई जोड दिँदै वर्णनात्मक र सहभागितामूलक विधिलाई प्राथमिकता दिन्छ र वास्तविक विश्व दृष्टिकोण बुझ्न मद्दत गर्छ । यसले वैज्ञानिक तथ्याङ्कसँगै आदिवासी र स्थानीय ज्ञान प्रणालीहरूलाई एकीकृत गर्दै एउटै मौद्रिक एकाइमा राख्न बल नगरी सम्बन्धात्मक र आन्तरिक मूल्य बुझ्न, बुझाउन सहयोग पुऱ्याउँछ ।

ख. कुनै पनि विकास परियोजनाको मूल्याङ्कन गर्दा, योजनाकारहरूले काठको क्षति र जैविक विविधतामा ह्रास जस्ता भौतिक लागतहरू मात्र गणना नगरी, पवित्र स्थलमा पुग्ने खलल वा कुनै समुदायको सांस्कृतिक पहिचानमा पर्ने प्रभावजस्ता अभौतिक लागतहरूको पनि गणना गर्न सक्छन् ।

ग. शक्ति असन्तुलनलाई सम्बोधन गर्ने र प्रकृतिका लाभहरूको न्यायोचित तथा समतामूलक वितरणलाई प्रवर्द्धन गर्ने स्पष्ट उद्देश्यका साथ नीतिहरू तर्जुमा गर्न सकिन्छ । यसले मूल्याङ्कन र निर्णय प्रक्रियामा सरोकारलाहरूको अर्थपूर्ण समावेशीकरण सुनिश्चित गर्दछ, र संरक्षणसम्बन्धी द्वन्द्वका लागतहरूको भार सीमान्तकृत तथा स्थानीय समुदायहरूमाथि मात्र अनुचित रूपमा नथोपरियोस् भन्ने कुरा सुनिश्चित गर्दछ, जबकि त्यसबाट प्राप्त हुने लाभहरू भने बाह्य रूपमा बाँडिन्छन् ।

नीतिगत सुझाव नम्बर १७

# संरक्षणका क्षेत्रमा सहभागितामूलक अनुगमन र मूल्याङ्कन



# परिचय र उद्देश्य

प्रभावकारी संरक्षण अनुगमन तथा मूल्याङ्कनमा निर्भर हुन्छ, जसले गरिएका हस्तक्षेप र कार्यक्रमहरूको सान्दर्भिकता, प्रभावकारिताको समीक्षा गर्दै तिनीहरूलक्षित उद्देश्य हासिल गर्न सक्षम छन् कि छैनन् भन्ने निर्धारण गर्दछ । परम्परागत अनुगमन तथा मूल्याङ्कनका आधारहरू प्रायः परिवर्तनका सिद्धान्त र नक्साङ्कनका औपचारिक खाकामा आधारित हुन्छन् । विगतदेखि यसको कार्यान्वयन माथिदेखि-तलको प्रक्रिया (टप-डाउन प्रोसेस) मार्फत गरिँदै आएका छन् । यसमा स्थानीय समुदायलाई समान साझेदारका रूपमा नभई सूचना तथा तथ्यांकका निष्क्रिय स्रोत वा परियोजनाका लाभग्राहीका रूपमा लिइएको हुन्छ । यी परम्परागत खाकाले प्रायः आधिकारिक परियोजना प्रतिवेदनहरू र धरातलीय यथार्थबीचको भोगाइसँग एक प्रकारको दुरी कायम गर्छन्, जसले गर्दा त्यस्ता हस्तक्षेपहरू निम्त्याउँछन् जुन कागजी हिसाबले सही देखिए तापनि व्यवहारमा दिगो रहन सक्दैनन् ।

सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनलाई एउटा यस्तो दृष्टिकोणका रूपमा परिभाषित गरिएको छ, जसले स्थानीय सहभागीलाई समावेश र सम्मान गर्दछ, ताकि स्थानीय बासिन्दाहरू आफैंले अनुगमनका लागि आवश्यक महत्त्वपूर्ण प्रश्नहरू तय गर्छन्, तथ्यांक कसरी संकलन गर्ने भन्ने निर्धारण गर्छन्, परियोजनाका लागि आवश्यक सुधारका लागि अनुगमन तथ्यांकको विश्लेषण गर्छन् अनि सफलता र चुनौतीहरू पहिचान गर्दछन् । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले समावेशी, नैतिक र समुदायप्रेरित अभ्यासतर्फको परिवर्तनलाई प्रतिनिधित्व गर्दछ । यसले स्थानीय समुदायलाई सक्रिय निर्णयकर्ताका रूपमा स्थापित गर्दछ । यसले के अनुगमन गर्ने, तथ्याङ्कको व्याख्या कसरी गर्ने र प्राप्त निष्कर्षहरूले अनुकूलन व्यवस्थापनलाई कसरी मार्गदर्शन गर्ने भन्ने कुराको रूपरेखा तयार गर्छ । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन गर्नु तथ्यांकको गुणस्तर सुधार वा थप सूचक सिर्जना लक्षित रणनीतिक छनोट मात्र नभई ती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाको अधिकार, सार्वभौमिकता र परम्परागत पारिस्थितिक ज्ञानको सम्मान गर्ने एउटा नैतिक दायित्व पनि हो ।



सरकारी निकायहरू, बहुपक्षीय संस्थाहरू र अन्य सहयोगी निकायहरूका लागि सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले स्थानीय संरक्षण प्रयासलाई राष्ट्रिय जैविक विविधता रणनीतिहरू (एनबिएसएपी) र दिगो विकास लक्ष्यहरू तथा कुनमिङ-मोन्ट्रियल ग्लोबल बायोडाइभर्सिटी फ्रेमवर्क (जिबिएफ) जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग ऐक्यबद्धता गर्न एक सबल संयन्त्र प्रदान गर्न सक्छ । नीतिगत मापदण्डहरूलाई वास्तविक भोगाइमा आधारित बनाउँदै सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले विकेन्द्रीकृत शासनलाई सहयोग पुऱ्याउनुका साथै संरक्षणसम्बन्धी द्वन्द्वहरूलाई न्यूनीकरण गर्दै जवाफदेहिता बढाउँछ र अन्तर्राष्ट्रिय सामाजिक तथा वातावरणीय सुरक्षाको पालनालाई सुनिश्चित गर्दछ । यसले संरक्षणका उपलब्धिहरू वैज्ञानिक रूपमा मापनयोग्य मात्र नभई सामाजिक रूपमा स्वीकार्य, न्यायोचित र स्थानीय समुदायको स्वामित्वमा रहेको सुनिश्चित गर्दछ ।

# सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनको महत्त्व

अनुगमन र मूल्याङ्कनका लागि सहभागितामूलक खाकाको उपयोग गर्नाले संरक्षणकर्मी र स्थानीय सरोकारवाला दुवैका लागि सुस्पष्ट र दीर्घकालीन लाभ हुने देखिन्छ। यसअन्तर्गत निम्न विषय समावेश हुन्छन्:

**तथ्यांकको गुणस्तर र प्रतिक्रियामा सुधार:** प्रभावित समुदायलाई संरक्षण कार्यमा संलग्न गराउँदा स्थानीय रूपमा आधारित तथ्यांकको सत्यता र वस्तुस्थितिको समीक्षाका लागि महत्त्वपूर्ण हुन्छ र यसले उत्पन्न हुन सक्ने स्थानीय जोखिमहरूलाई शीघ्र पत्ता लगाउन सक्षम बनाउँछ। उदाहरणका लागि, दैनिक सो क्षेत्रमा आवतजावत गर्ने स्थानीय गोठाला वा वनमा जानेहरूले वन्यजन्तुको प्रजनन व्यवहारमा सूक्ष्म परिवर्तन आएको, अवैध गतिविधिहरू भएको वा हुन लागेको तथा कुनै रोगव्याधीका जोखिमलाई नियमित वैज्ञानिक सर्वेक्षणले भन्दा धेरै छिटो पत्ता लगाउन सक्छन्। यसले सरकारी निकायहरूको आधिकारिक अनुगमन संयन्त्रलाई सहयोग पुऱ्याउँछ र पहुँचमा कठिनाइ हुने भूभागहरूका महत्त्वपूर्ण तथ्यांक कम खर्चमै उपलब्ध गराउँछ।

**सामुदायिक सशक्तीकरण र द्वन्द्व समाधान:** सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रक्रियाले महिला, युवा, आदिवासी समूह र अन्य प्रतिनिधित्व नभएका समूहलगायतका सीमान्तकृत आवाजहरूलाई प्रभावकारी रूपमा सम्बोधन हुने कुराको सुनिश्चितता गर्दछ।

यसले स्थानीय समुदायको जीविकोपार्जन र सांस्कृतिक वातावरणसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुने उनीहरूको अधिकारलाई सम्मान गर्छ। मूल्याङ्कन प्रक्रियामा समुदायको संलग्नता हुनेबित्तिकै संरक्षणका कार्यक्रममा हुने स्थानीय अवरोध र द्वन्द्वहरू उल्लेखनीय रूपमा न्यून हुन जान्छन्। यसले आवश्यक सामाजिक सुरक्षण नीतिहरूसँग पनि एकरूपता कायम गर्दछ, जसले संरक्षण र विकासका परिणामहरू न्यायोचित र समावेशी भएको सुनिश्चित गर्दछ।



| | |
|---|---|
| लैङ्गिक-संवेदनशील र समावेशी उपलब्धिहरू: | लैङ्गिक-उत्तरदायी सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन तथ्यांक संकलनमा महिलाहरूलाई समावेश गर्ने कुरामा मात्र सीमित छैन । यसले महिला सहभागितालाई सीमित गर्ने समयको चाप तथा बोझ र सामाजिक मान्यतालगायतका व्यवधानहरूको पहिचान गरी तिनको न्यूनीकरणमा सक्रियतापूर्वक हस्तक्षेप गर्दछ । योजना र प्रक्रियाहरूमा लैङ्गिक विश्लेषणलाई समावेश गरेर, सहभातामूलक अनुगमन तथा मूल्याङ्कनले महिला, युवा र अन्य प्रतिनिधित्व नभएका समूहहरूमा संरक्षणले पार्ने भिन्नभिन्न प्रभाव उजागर गर्न मद्दत गर्दछ । लैङ्गिक-संवेदनशील दृष्टिकोणले नीति निर्माताहरूलाई लैङ्गिक विषयक अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू (जस्तै : दिगो विकास लक्ष्य, ५ लैङ्गिक समानता) पूरा गर्ने आधार प्रदान गर्दछ । |
| विश्वास र क्षमता अभिवृद्धि: | यो प्रक्रियाले संरक्षणकर्मी र स्थानीय समुदायबीच आपसी विश्वास र जवाफदेहिता बढाउँछ र स्थानीय क्षमता, प्राविधिक सीप र नेतृत्वको निर्माण गर्दछ, जसले परियोजना कार्यान्वयनको दीर्घकालीन लागतलाई अविश्वसनीय रूपमा कम गराउँछ र कोष उपलब्ध गराउनेहरूका लागि अनुदानपछिको दिगोपन सुनिश्चित गर्दछ । |
| तथ्यांक व्यवस्थापनको जवाफदेहिता: | सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले तथ्यांकको सार्वभौमिकताको बृहत्तर बहसलाई सहयोग पुऱ्याउँछ र समुदायद्वारा सिर्जित तथ्यांकको उचित/जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न अनुमति दिन्छ । यसले सरकारी कार्यक्रमहरूलाई परम्परागत अधिकारहरूको सम्मान गर्न र अन्तर्राष्ट्रिय मानवअधिकार लगायतका प्रतिबद्धता पूरा गर्न मद्दत गर्न सक्छ । |

# मुख्य सिद्धान्तहरू

अनुगमन तथा मूल्याङ्कन सफलतापूर्वक कार्यान्वयन गर्नका लागि परियोजना चक्रको प्रारम्भिक चरणमा सहभागीहरूसँग सहकार्य गर्दै रणनीति र प्रक्रियाहरूको खाका तयार गर्नुपर्छः

## सूचकहरूको सह-विकास

सहभागीहरूले संरक्षण प्रयासहरूको सफलतालाई मापन गर्न प्रयोग गरिने सूचकहरूलाई सहायक आधारका रूपमा पहिचान र छनोट गर्नुपर्छ ।

यी सूचकहरूले स्थानीय प्राथमिकतार परियोजना आवश्यकताहरू दुवैलाई सम्बोधन गर्न आवश्यक छ भने ‘स्मार्ट’ मापदण्डका आधारहरु; विशिष्टता, मापनयोग्य, हासिल गर्न सकिने, सान्दर्भिक र समय-सीमापालना गर्न आवश्यक छ । स्थानीय सूचकहरूलाई राष्ट्रिय रिपोर्टिङका आवश्यकता र संस्थागत तार्किक ढाँचाहरू (लगफ्रेम) मा सफलतापूर्वक नक्साङ्कन सुनिश्चित गर्न सरकारी कर्मचारीहरू र बहुपक्षीय साझेदारहरूलाई यस संवाद प्रक्रियामा सामेल गराउनुपर्छ ।

## लचकदार तथ्यांक संकलन उपकरणहरू

अनुगमन तथा मूल्याङ्कन एउटा यस्तो उपयोगी संयन्त्र हो, जसले परियोजनामा मिश्रित विधिको दृष्टिकोणबाट लाभ हासिल गर्दै परियोजनामा व्यापक दृष्टिकोण प्रदान गर्दछ । यो संयन्त्र समुदायको प्राथमिकतासँग मेल खाने खालको हुनुपर्छ र ती फोकस ग्रुप (लक्षित समूह) छलफल, सामुदायिक कार्यशाला वा ह्वाट्एप ग्रुप पनि हुन सक्छन् जसमार्फत फोटो तथा भिडियो संकलन गर्न सकिनेछ । सरकारी निकायहरुले यी संयन्त्र अन्तर-सञ्चालनयोग्य भएको सुनिश्चित गर्न सक्छन् ताकि समुदायको तथ्यांकले स्थानीय स्वामित्वमा नबाझिने नगरी राष्ट्रिय सूचना प्रणालीमा निर्बाध रूपमा समाहितहुन सकोस् ।

## सहयोगी विश्लेषण र काय

समुदायहरूलाई तथ्यांक संकलन र विश्लेषण गर्न प्रशिक्षण र समर्थन आवश्यक पर्न सक्छ । समुदायलाई आवश्यक प्रशिक्षण र उपकरणहरू प्रदान गरिनुपर्छ । श्रव्य-दृश्य प्रस्तुति वा भिडियोजस्ता मनपर्ने, सहज पहुँचका खाका प्रयोग गरेर प्राप्त निष्कर्षहरूलाई समुदायमा आदानप्रदान गरिनुपर्छ ताकि उनीहरूले पछिल्ला परियोजना अनुकूलनहरू, स्रोत विनियोजन र निरन्तर पाठ्यक्रम सुधारलाई सूचित गर्न सकून् । सरकारी निकायका अधिकारीहरूले नियमित प्रशासनिक समीक्षामा यी प्रक्रियाहरूलाई समावेश गर्दै सहजीकरण गर्न सक्छन् र पछिल्ला परियोजना अनुकूलन, स्रोत विनियोजन र निरन्तरका सुधारलाई सूचित गर्न सक्छन् ।

# अनुगमन तथा मूल्याङ्कनको अभ्यास

## चरण १:
### सरोकारवालाहरूको पहिचान र सहभागिता

i. संरक्षण प्रयासले प्रभावित वा संलग्न सबै समूहहरूको पहिचान गर्न विस्तृत र सूक्ष्म सरोकारवाला नक्साङ्कन अभ्यासको आवश्यकता पर्दछ । यसमा औपचारिक समूहहरूका साथै स्रोतमा निर्भर रहेका उपसमूहहरूको पहिचान गर्ने कार्य पनि समावेश हुन सक्छ, जसको दैनिक जीवन प्रत्यक्ष रूपमा संरक्षणका लक्ष्यहरूसँग जोडिन्छ (जस्तैः गोठालाहरू, गैरकाष्ठ वन पैदावार संकलनकर्ताहरू, माझी लगायतका व्यक्ति तथा समुदाय) ।

ii. महिला, युवा, आदिवासी समूह र अन्य सीमान्तकृत समुदायका सदस्यहरूको सहभागिता सक्रिय रूपमा समावेश गरिएको सुनिश्चित गर्ने । स्थानीय शक्ति सन्तुलन र मर्यादाक्रमलाई सुरक्षित रूपमा व्यवस्थापन गर्न यसका लागि छुट्टै कार्यशाला वा केन्द्रित समूह छलफल आवश्यक पर्न सक्छ, जहाँ विशेष समूहहरूले खुलेर बोल्न नसक्ने अवस्था हुन सक्छ ।

iii. द्विविधा हटाउन र स्वेच्छिक सहभागिता सुरक्षित गर्न अनुगमन तथा मूल्याङ्कनको उद्देश्य, सम्भावित भूमिका र प्रत्यक्ष लाभका बारेमा बताउने; जस्तैः समयको अभाव, बाह्य व्यक्तिहरूसँगको विगतका नकारात्मक अनुभव र आत्मविश्वासको कमी ।

## चरण २:
### सूचकहरूको विकासका लागि खाका निर्माणमा सहकाय

i. स्थानीय प्राथमिकताहरू, मूल्यमान्यताहरू र संरक्षण परियोजनाका आवश्यकताहरू प्रतिबिम्बित गर्ने सूचकहरूको खाका निर्माण गर्न कार्यशालाहरू सञ्चालन गर्ने । सूचकहरू थोपर्नुको साटो, समुदायलाई नै सफलता वा असफलता कस्तो देखिन्छ भन्ने निर्णय गर्न दिने । उदाहरणका लागिः दातृ निकायले संरक्षित क्षेत्रलाई प्राथमिकतामा राख्न सक्छन् तर समुदायले पानीको उपलब्धतामा सुधार वा वन्यजन्तुद्वारा बालीनाली क्षतिमा न्यूनीकरणलाई सफलताको प्राथमिक सूचकको रूपमा रोज्न सक्छन् ।

ii. सहकार्यबाट छनोट भएका 'स्मार्ट' सूचकहरूः विशिष्टता, मापनयोग्य, हासिल गर्न सकिने, सान्दर्भिक र समय-सीमाअनुसार छन् भन्ने सुनिश्चित गर्ने ताकि तिनीहरूलाई समयक्रममा अनुगमन गर्न सकियोस् ।

iii. सरकारी निकायहरू र बहुपक्षीय साझेदारहरूलाई यस संवादको एक अंगका रूपमा समावेश गराउने । यसबाट छनोटमा परेका सूचकहरूलाई बृहत् रिपोर्टिङ खाकाका आवश्यकता र संस्थागत खाकासँग सफलतापूर्वक एकीकृत गर्न सकियोस् ।

## चरण ३:
### अनुगमन क्षमता र तथ्यांक संकलन

i. तथ्यांक कसरी संकलन गरिनेछ भन्ने बारेमा सहमति कायम गर्ने । यसमा आवश्यक उपकरणहरू समुदायको प्राथमिकता, सुविधा र स्थानीय पूर्वाधारसँग मेल खाने खालको हुनुपर्छ । विधिहरू केन्द्रित समूह छलफलदेखि अन्तर्वार्ता, सामुदायिक कार्यशाला वा फोटो तथा भिडियो वा तथ्यांकक प्रयोग गर्ने मोबाइल एप्लिकेसनसम्म हुन सक्छन् । सरकारी निकायहरूले यी उपकरणहरू स्थानीय स्वामित्वमा आँच नपुऱ्याई राष्ट्रिय तथ्यांकसँग मेल खाने कुराको सुनिश्चित गर्न सक्छन् ।

ii. संरक्षणकर्मी र परियोजना अधिकारीहरूले स्थानीय समुदायले आत्मविश्वासका साथ प्रभावकारी र सुरक्षित रूपमा तथ्यांक संकलन गर्न प्राविधिक ज्ञान, सीप र आत्मविश्वास आर्जनका लागि निरन्तर प्रशिक्षण, स्रोत र उपकरणहरू उपलब्ध गराउनुपर्ने हुन्छ ।

iii. तथ्यांक संकलनका गतिविधिहरू स्थानीय जीविकोपार्जनको समयअनुसार मेल खाने गरी तय गर्नुपर्दछ ताकि यस काममा सहभागी हुँदा स्थानीय समुदायको आम्दानी वा जीवनयापनमा कुनै खालको असर नपरोस् । उदाहरणका लागि: गोठालाहरू गाईबस्तु चरिचरणका लागि बाहिर गएको समयलाई छल्ने ।

## चरण ४:
### तथ्यांक व्यवस्थापन, विश्लेषण र प्रतिक्रिया

i. आदिवासी तथा रैथाने ज्ञान र सूचना स्रोतको सम्मान गर्दै समुदायको आफ्नै जानकारीमा स्वामित्व रहने र यसको व्यवस्थापन, भण्डारण र बाह्य साझेदारी कसरी गरिन्छ भन्ने कुरामा स्पष्ट सहमति कायम गर्दै तथ्यांक सुरक्षाका स्पष्ट नियमहरू स्थापना गर्ने ।

ii. सहभागीहरूलाई आधारभूत तथ्यांक विश्लेषण प्रविधिहरूमा प्रशिक्षित गर्ने ताकि उनीहरूले बाह्य विज्ञहरूलाई तथ्यांक बुझाउनुको साटो आफैंले संकलित तथ्यांकको व्याख्या गर्न सकून् । वैज्ञानिक प्रक्रियाको यो सरलीकरणले व्याख्याहरू सन्दर्भअनुसार सही छन् भन्ने सुनिश्चित गर्दछ ।

iii. निष्कर्षलाई जटिल, प्राज्ञिक प्रतिवेदनहरूमा भर पर्नुको साटो समुदायले रुचाउने गरी सरल र सहज ढाँचामा प्रस्तुत गर्ने ।

iv. निष्कर्षहरूमाथि विचार गर्न, प्रतिक्रिया संकलन गर्न र परिणाममा आधारित कार्य गर्न केन्द्रित समूहहरूको व्यवस्था गर्ने । यसबाट परियोजनाका हस्तक्षेपहरू, स्रोत बाँडफाँट र निरन्तर सुधारका लागि आवश्यक परिवर्तनहरू गर्न सकियोस् । सरकारी अधिकारीहरूले यी प्रक्रियाहरूलाई सहजीकरण गर्न र नियमित प्रशासनिक समीक्षाहरूमा प्रतिक्रिया प्रणालीलाई संस्थागत गर्न मद्दत गर्न सक्छन्, जसले सामुदायिक सुझावहरूले प्रत्यक्ष प्रभाव पार्छ भन्ने कुरा प्रमाणित गर्दछ ।



# संस्थागत चुनौतीहरूको सामना

यद्यपि अनुगमन तथा मूल्याङ्कनले सुदृढ दीर्घकालीन लाभ र नैतिक खाका प्रदान गर्दछ । यसका लागि विश्वास निर्माण, क्षमता विकास र सम्बन्ध व्यवस्थापनमा प्रारम्भिक समयमा ठूलो लगानी हुन जान्छ । यो कहिलेकाहीँ परम्परागत कोष संरचनाका अपेक्षाहरू र समयसीमासँग बाझिन सक्छ । अनुगमन तथा मूल्याङ्कन खाका योजना र कार्यान्वयन गर्दा निम्न बुँदाहरूलाई ध्यान दिनुपर्ने हुन्छः

१. अनुगमन तथा मूल्याङ्कन स्वाभाविक रूपमा परम्परागत अनुगमन तथा मूल्याङ्कनभन्दा सुरुमा बढी समय र स्रोतसाधन लाग्ने देखिन्छ । कहिलेकाहीँ छोटो बजेटको सीमाभित्र द्रुत र सजिलै मापनयोग्य प्रभावहरू खोज्ने दातृ निकायहरूको रिपोर्टिङ समयसीमा यो अनुगमन तथा मूल्याङ्कनका विधि अपनाउन गाह्रो हुन सक्छ । यद्यपि यसमा गरिने लगानीले परियोजनाको असफलतालाई उल्लेखनीय रुपमा न्यून गर्नुको साथै सामुदायिक प्रतिरोध र कानुन कार्यान्वयनसँग सम्बन्धित लागतहरूलाई पनि कम गर्छ । तसर्थ, सम्भावित समस्या न्यून गर्न, बहुपक्षीय संस्था र सरकारी योजना आयोगले आफ्नो अनुदानमा लचिलो प्रारम्भिक चरण, यथार्थपरक समयरेखा र उपयुक्त बजेट विनियोजन गर्न सक्छन् ताकि यस आवश्यक सहभागितामूलक आधारभूत कार्यलाई समेट्न सकियोस् ।



२. अनुगमन तथा मूल्याङ्कन सामुदायिक प्राथमिकता र उन्नत सिकाइमा केन्द्रित हुने भएकाले सम्भावित परिणामहरू सधैं अनुमान गर्न सकिँदैन । यसले कहिलेकाहीँ दातृ निकायहरूबाट प्रतिरोध निम्त्याउन सक्छ, जो स्थापित, माथि-देखि-तल (टप डाउन) मापदण्डहरू र सुनिश्चित प्रतिफलहरूसँग बढी सहज अनुभव गर्छन् । दातृ निकाय र सरकारी निकायहरूले अनुकूलन व्यवस्थापन ढाँचा अपनाएर, कठोर मानकहरूबाट परिणाम-आधारित र लचिलो मूल्याङ्कनमार्फत यसलाई पार गर्न सक्छन् ।

३. संस्थागत स्तरमा अनुगमन तथा मूल्याङ्कनको पक्षमा संरक्षणकर्मीहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । यसका दीर्घकालीन फाइदाहरू, उच्च तथ्यांक वैधता र नैतिक आवश्यकताका बारेमा निरन्तर सचेतना जगाएर, अभ्यासकर्ताहरूले दातृ निकायहरूको दृष्टिकोणलाई दिगो र समुदायको नेतृत्वमा हुने मूल्याङ्कन ढाँचाहरूलाई समर्थन गर्नेतर्फ परिवर्तन गर्न मद्दत गर्न सक्छन् । अनुगमन तथा मूल्याङ्कन निर्देशिकालाई मानक सञ्चालन कार्यविधि, राष्ट्रिय नीति ढाँचाहरू र दातृ कोष निर्देशिकाहरूमा मूलप्रवाहीकरण गरेर, संरक्षणका आयामहरूलाई दिगो, समुदाय-नेतृत्वको मूल्याङ्कन खाका अपनाउन सकिन्छ जसले तथ्यांकको वैधता, नैतिक आवश्यकता र दिगोपन दिन्छ ।

## KEY CONTRIBUTORS TO THE POLICY ADVISORIES, LISTED ALPHABETICALLY:

Abdul Wali Atif (National Environmental Protection Agency, Afghanistan)
Benazir Kabaeva (Snow Leopard Foundation in Kyrgyzstan)
Bermit Tursunkulova (American University of Central Asia)
Bohdan Prots (Danube-Carpathian Programme)
Charudutt Mishra (International Snow Leopard Trust)
Chloe Lucas (International Snow Leopard Trust)
Deepshikha Sharma (Nature Conservation Foundation)
Farwiza Farhan (Yayasan HAkA)
Gustaf Samelius (International Snow Leopard Trust)
Hamed Safi (National Environmental Protection Agency, Afghanistan)
Hem Sagar Baral (International Snow Leopard Trust)
Hotlin Ompusunggu (Healthy Planet Indonesia)
Inza Kone (Félix Houphouët-Boigny University)
Javed Mohammad Iqbal (Peace Schans)
Jennifer Snell Rullman (International Snow Leopard Trust)
José Hernán Sarasola (CECARA)
Juliette Young (INRAE)
Justine Shanti Alexander (Wildlife Conservation Society)
Karen Aghababyan (BirdLinks Armenia)
Karma Sonam (Nature Conservation Foundation)
Koustubh Sharma (International Snow Leopard Trust)
Kubanychbek Jumabay Uulu (Snow Leopard Foundation in Kyrgyzstan)
Kulbhushansingh Suryawanshi (Nature Conservation Foundation)
Laura Marina Reyes (Global Penguin Society)
Lutfullah Sahibzada (National Environmental Protection Agency, Afghanistan)
Manu Neelkandhan (IdeaCulture India)
Matthaias Fiechter (Cartier Foundation)
Muhammad Ali Nawaz (Snow Leopard Foundation-Pakistan)
Natalie Schmitt (WildTechDNA/McMaster University)
Oliver Wearn (International Snow Leopard Trust)
Orjan Johansson (International Snow Leopard Trust)
Phub Dorje (Nature Conservation Division)
Rodrigo A. Medellin (Global South Bats)
Pablo García Borboroglu (Global Penguin Society)
Ranjini Murali (Humboldt University)
Ravo Tsirinantoanina (Conservation Fusion)
Seema Seth (Studio Sky)
Shivani Bhalla (Ewaso Lions)
Stanzin Namgail (University of Ladakh)
Suri Venkatachalam (International Snow Leopard Trust)
Susie Louis (Conservation Fusion)
T Shahzad (Snow Leopard Foundation, Pakistan)
Toby Otieno (Ewaso Lions)
Ulukbek Visid Uulu (American University of Central Asia)
Varun R. Goswami (Conservation Initiatives)


### SUPPORT:
Darwin Initiative

### PHOTO CREDITS:
Farwiza Farhan
Justine Alexander
Koustubh Sharma
Lawrie Brailey
Rachel Graham
Sonam Tashi Lama
Vatosoa Rakotondrazafy

### COPY EDITING BY:
Miraya Vadra

### DESIGNED BY STUDIO SKY:
Adya Shivakumar
Ayushi Vakharia
Inshra Khan
Seema Seth